पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : ४१ | २०७३ जेठ २१ गते शुक्रबार (June 3 , 2016) | मूल्य रू. १०/-

## ग्यास पाइप हावामै उड्यो

काठमाडौं । सरकारले आर्थिक वर्ष २०७३/७४को बजेट संसदमा पेश गरेको छ । सरकारले ल्याएको बजेटमा विभिन्न क्षेत्रका लागि विभिन्न नारासहितका कार्यक्रमहरू ल्याइए पनि ती नाराहरू कार्यान्वयन हुनेमा अशंका उब्जिएको छ ।

अर्थमन्त्री विष्णु पौडेलले संसदमा पेश गरेको बजेटमा उर्जा, कृषि, स्वास्थ्य, शिक्षा, वातवारणसहितका क्षेत्रमा कम्तीमा एक-एक आकर्षक नारासहितका कार्यक्रमहरू घोषणा गरेका छन् । तर केही महिनाअघि स्वयं प्रधानमन्त्री केपी ओलीले उपत्यकाका प्रत्येक घरघरमा ग्यासको पाइप पुऱ्याइदिने सर्वाजनिक प्रतिबद्धता जनाएका थिए । तर अर्थमन्त्रीले बजेट पेश गर्दा प्रधानमन्त्रीले प्रतिबद्धता जनाएको ग्यासको पाइप पुऱ्याउने योजना नै हराएको छ । अर्थात त्यस विषयमा (बाँकी अन्तिम पेजमा)

# ओलीको दिनगन्ति सुरु, के गर्लान केपीले

काठमाडौं । जतिसुकै फुइँकी लगाए पनि अन्ततः प्रचण्डले खुला ९ बुँदेभन्दा गोप्य ३ बुँदे भद्र सहमतिका विषयमा दोहोऱ्याएर ओलीलाई सम्झना गराएपछि ओली खस्किन पुगेका छन् । सार्वजनिक रूपमा सही भएको ९ बुँदे नै आधिकारिक सम्झौता हो, कुनै गोप्य भद्र सहमति भएको छैन भनेर लाज पचाए पनि ओली र प्रचण्डवीचको गोप्य सहमतिले अन्जाम पाउने भएको छ ।

असारको सुरुका दिनमा प्रचण्डले सरकार गठन गर्ने तैयारीमा जुटिसकेका



छन् । यद्यपि प्रचण्ड र केपी ओलीवीच तनाव सुरु भएको, विवाद बढेको चर्चा भइरहदा प्रम ओलीले २०७४ साल माघ ७ गतेपछिमात्र राजीनामा दिने कुरा बताइरहेका छन् । तर, प्रचण्डले आवेग र आक्रोस देखाएपछि ओली भित्रभित्रै नरम भइसकेको बताइन्छ । प्रचण्डले फेरि पनि दोहोऱ्याएका छन् - म राष्ट्रिय सरकारको नेतृत्व गर्न तैयार छु ।

यद्यपि नेपाली राजनीति संकटपूर्ण छ । मधेसी मोर्चासहितको जनजातीय गठबन्धनले आन्दोलनलाई मधेसबाट सिंहदरवार, बालुवाटार, पोखरा र वीरगञ्ज पुऱ्याएर खुलामञ्चको रिले अनसनमा उतारेका छन् । यो रिले अनसन भनेको गठबन्धनको शक्ति आर्जन र अन्तिम आन्दोलन गर्ने पूर्व तैयारी हो भन्ने विश्लेषकहरू बताइरहेका छन् । ५६ जनाभन्दा बढीको मृत्यु भइसकेको मधेस आन्दोलन र २३ खर्ब नोक्सान भएको भारतीय नाकाबन्दीपछि पनि मधेसी र जनजाति पार्टीहरूसँग नतिजामुखी वार्ता नगर्नुले प्रम केपी ओलीलाई चतुर होइन, राष्ट्रघाती नेताका रूपमा चिनाएको छ ।

एमाले र माओवादी नेताहरूले वीवीसीमा दिएको अन्तरवर्तार्ताअनुसार केपी ओली काँध फेर्न तैयार भइसकेका छन् । सरकार यही हुनेछ, उपप्रधान र मन्त्रीहरू पनि यिनै रहनेछन् । मात्र प्रधानमन्त्री केपी ओलीको काँधबाट सत्ताको भारी प्रचण्डको काँधमा सारिनेछ । यही सन्देश वीवीसीबाट प्रवाह भएपछि ओलीको सत्तामुखी जडता पानी (बाँकी अन्तिम पेजमा)

## संकटमा ओली सरकार

काठमाडौं । वर्तमान सरकारलाई निरन्तरता दिने भनेर नेकपा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालबीच भएको तीन बुँदे सहमतिको कार्यान्वयन हुनुपर्ने आवाज दाहालले उठाएपछि प्रधानमन्त्री ओलीको पद संकटमा परेको छ ।

तीन बुँदे सहमतिमा माओवादीका सबै नेता तथा कार्यकर्ताविरूद्ध द्वन्द्वकालमा लागेका सबै राजनीतिक मुद्दाहरू फिर्ता गर्ने भन्ने सहमति भएको र आर्थिक वर्ष २०७३/७४ को बजेट पारित भएपछि प्रधानमन्त्री ओली पदमुक्त हुने र ओलीकै प्रस्तावमा दाहाललाई प्रधानमन्त्री बनाउने अलिखित सहमति भएको भन्दै दाहालले असार मसान्तसम्ममा बजेट पारित गरी आफू असारमै प्रधानमन्त्री बन्ने उद्घोष गरेपछि ओली र दाहालबीच किचलो भएको छ । नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले त पोखरा पुगेर (बाँकी अन्तिम पेजमा)

## पीडितलाई पैसा दिंदै धर्म परिवर्तन

अभियान संवाददाता

काठमाडौं । २०७२ वैशाख १२ र त्यसपछि गएको भूकम्पले पीडित भएकाहरूलाई भूकम्प पीडितका नाममा राहत, उद्धार तथा पुनर्निर्माणका लागि गोरखा जिल्लामा गएका देशीविदेशी गैरसरकारी संस्थाहरूले भूकम्प गएको १४ महिनापछि पनि पैसा बाँड्न प्रतिस्पर्धा गरिरहेका छन् । त्यसरी पैसा बाँड्ने संस्थाहरूले जिविससँग अनुमति लिनु पर्ने प्रावधान भएपनि उनीहरूले अनुमति नै नलिई जिल्लाका दुर्गम गाविसका जनतालाई पैसा बाँडेका छन् । पैसा पाएपछि त्यहाँका जनता पैसा दिनेसँग उनीहरूका विचार समेत सुन्न बाध्य भएका छन् । नेपाल रेडक्रस सोसाइटीले जिविकोर्पाजनका लागि नौ गाविसमा पैसा बाँड्न अनुमति मागिरहेको छ । जिविसले नगदको सट्टा चौपाय वा खेती गर्न बिउ बिजन बाँड्न अनुरोध गरिहेको छ । रेडक्रसले नेदरल्यान्ड रेडक्रसको सहयोगमा जिविकोपार्जनका लागि कार्यक्रम लिएर आएको छ, तर उसले पनि पैसा नै बाँड्न चाहेकाले उसको नियत माथि शंक उब्जिएको हाम्रा संवाददाताले जनाएका छन् ।

विभिन्न सरकारी र गैरसरकारी (बाँकी अन्तिम पेजमा)

## मन्त्रिपरिषद्को निर्णय मात्र सरकारको निर्णय : सर्वोच्च

अभियान संवाददाता

काठमाडौं । संविधानको अन्तिम व्याख्या गर्ने सर्वोच्च अदालतले मन्त्रिपरिषद् बाहेक अन्यले गर्ने निर्णय सरकारको नहुने आदेश २०६७ सालमा दिएको थियो । सर्वोच्च अदालतको पूर्ण इजलासले दिएको आदेश सरकारले मान्नु पर्ने कानुनी व्यवस्था छ । प्रधानमन्त्री र मन्त्रीहरूले नियुक्ती गर्ने निर्णयहरू सर्वोच्च अदालतको आदेशले बदर भएका छन् । श्रम तथा रोजगार मन्त्रालयविरूद्ध दायर भएको एक रिटमा सर्वोच्चले भनेको छ, सरकारलाई भएको



अधिकार मन्त्रिपरिषद्बाहेक अन्य निकाय वा पदाधिकारीहरूले प्रयोग गर्न नपाउने (बाँकी अन्तिम पेजमा)

## मन्त्री रावल र पटेलबीच केको सम्बन्ध ?

अभियान संवाददाता

काठमाडौं । भारतीय लोकसभाका पूर्वसांसद सोमभाइ जी पटेलले रक्षा मन्त्री एवं एमाले उपाध्यक्ष भीम रावललाई एक पत्र पठाएर साल्टट्रेडिङ कर्पोरेशनले विक्री वितरण गर्दै आएको नुन आफूलाई विक्रिवितरण गर्ने व्यवस्था मिलाइदिन अनुरोध गरेका छन् । हामीलाई इमेल मार्फत प्राप्त पत्रमा विश्वको तेस्रो ठूलो नुन उत्पादक देश भारत भएको र भारतको गुजरातमा झण्डै ७५ प्रतिशत नुन उत्पादन हुने हुँदा



हाम्रा रक्षामन्त्री मार्फत् नेपालमा नुन विक्रीवितरण गर्ने व्यवस्था मिलाई दिन भन्दै साल्टट्रेडिङ कर्पोरेशनले विक्रीवितरण गरेको भन्दा सस्ता मूल्यमा नुन विक्रीवितरण गर्ने आशयको पत्र पठाउनु भनेको सिधै भारतीय हस्तक्षेप हो ।

सार्वभौमसत्ता सम्पन्न नेपालीमाथि पूर्वसांसदले रक्षा मन्त्रीलाई चिठी लेखेर आफूलाई व्यापार गर्न सहयोग माग्नु सार्वभौमिकता माथिकै हस्तक्षेप हो । रक्षामन्त्रीले रक्षा मन्त्रालय अन्तर्गत पर्ने नेपाली (बाँकी अन्तिम पेजमा)

## पार्टी कसरी मिलाउँछन् दाहालले ?

काठमाडौं । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले तत्कालका लागि यही केपी ओली नेतृत्वकै सरकार कायम रहेन बताएका छन् । वैशाख २३ गते अध्यक्ष दाहाल र प्रधानमन्त्री ओलीबीच भएको ९ बुँदे सहमतिको समयसीमा सकिन लाग्दा अहिले ओली नेतृत्वको सरकारको विकल्प खोज्न आफू नलाग्ने प्रष्ट पारेका छन् । वैशाख २२ गते दाहालले आफ्नै नेतृत्वमा सरकार निर्माण गर्ने असफल प्रयास गरेका थिए । आफ्नो प्रयास असफल भएपछि उनले वैशाख २३ गते ९ बुँदे सहमति गरेका थिए ।

ओली संयुक्त सरकारको मर्म अनुसार अघि बढ्न तयार हुनुहुन्छ भन्दै आफूहरू बीच भएको नौ बुँदे सहमति कार्यान्वयनको दिशामा प्रधानमन्त्री अघि बढेको बताउँदै दाहालले आफ्नो पार्टीका नेता तथा कार्यकर्ताहरूलाई भने, शान्ति प्रक्रियाको कर्याभार र मधेस आन्दोलनको मागलाई सम्बोधन गर्न प्रधानमन्त्रीले (बाँकी अन्तिम पेजमा)



पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

# अभियान साप्ताहिक

## सम्पादकीय

## राष्ट्रिय सहमतिको सरकार मात्र विकल्प हो ?

केपी ओली नेतृत्वको सरकारले आर्थिक वर्ष २०७३/०७४ का लागि संसदमा बजेट पेश गरेपछि बजेटका बारेमा साकारात्मक र नकारात्मक अभिव्यक्तिहरु आइरहेका छन् । संसदमा बजेटमाथि छलफल भइरहेका बेला सत्ता साझेदार दल माओवादी केन्द्र र राप्रपा नेपालले बजेट निर्माणमा आफूहरुलाई वेवास्ता गरिएको र आफूहरुले उठाएका विषय बजेटमा नराखिएको भन्दै असन्तुष्टी जनाएका छन् ।

माओवादी केन्द्रले बजेटमा आफ्ना सुझावहरु नसमेटिएको भन्दै एमालेले एकलौटी ढंगले ल्याएको बजेटलाई आलोचनात्मक समर्थन गर्ने जनाएको छ । संसदमा बजेट पेश गरेपछि पहिलोपटक माओवादी केन्द्रको संसदीय दलको कार्यालयमा बसेको माओवादी हेडक्वाटरका ६ सदस्यसहित संसदीय दलको बैठकमा प्रधानमन्त्री केपी ओलीसँग बैशाख २३ गते भएको ६ बुँदे सहमति अनुसारको बजेट नआएको भन्दै बजेटमा शान्तिप्रक्रियाका बाँकी कार्यभार पुरा गर्न, जनयुद्धका सहिद र घाइते, बेपत्ता परिवारलाई १० लाख रुपैयाँ दिने आश्वासन प्रधानमन्त्री ओलीले दिएका भएपनि बजेटमा उक्त कुरा नपरेको भन्दै आलोचना भएको छ । बैठकमा बोल्दै अध्यक्ष पुष्पकमल दाहालले सहमतिको भावना अनुरुप सरकार सञ्चालन नभएको र सञ्चालन समेत हुन नखोजेको भन्दै प्रधानमन्त्री र अर्थमन्त्रीले एमालेको मात्र सरकार भएको जस्तो शैली देखाएको भन्दै सरकारको आलोचना गरेका थिए । माओवादीले जिम्मा लिएका मन्त्रालयहरुमा योजना पारिएका छैनन्, परेका पनि बजेट कटौती गरिएकोमा आपत्ति प्रकट गर्दै प्रधानमन्त्री र अर्थमन्त्रीको शैलीप्रति आपत्ति प्रकट गरेका छन् ।

अर्को सत्ताधारी दल राप्रपा नेपालले समेत बजेटको विषयलाई लिएर अपात्ति जनाएको छ । उसले आफूहरुले दिएका सुझावलाई पुरै वेवास्ता गरिएको भन्दै प्रधानमन्त्री ओलीले त्यस विषयमा प्रष्ट नपारेको खण्डमा बजेटलाई समर्थन नगर्ने धम्की दिएको छ । विभिन्न राजनीतिक दलका नेताका नाममा खडा गरिएका संघ-संस्थालाई बजेट वितरण गरिए पनि राप्रपा नेपालले सिफारिस गरेका पार्टीका नेताहरु सूर्यबहादुर थापा, मरिचमानसिंह श्रेष्ठ, पद्मसुन्दर लावती र तत्कालिन महासचिव चन्द्रबहादुर गुरुङका नाममा बजेट नछुट्याइको भन्दै आपत्ति प्रकट गरेको छ । केपी ओली र पुष्पकमल दाहालबीच वैशाख २३ गते भएको २३ बुँदे सहमतिले केपी ओली आजसम्म प्रधानमन्त्रीमा टिकिरहेका छन् । नौ बुँदे लिखित सहमति र अर्को अलिखित भद्र सहमति अनुसार बजेट पारित भएपछि ओलीले नै पुष्पकमल दाहाललाई प्रधानमन्त्रीमा प्रस्ताव गर्ने सहमति भएको भन्ने विषयलाई दाहालले सर्वाजनिक रुपमै उठाउँदै आएका छन् । बजेट पारित पछि आफ्नो नेतृत्वमा सरकार निर्माण गर्ने क्रममा दाहाल रहेका भएपनि प्रधानमन्त्री ओली भने अर्को निर्वाचन नभएसम्म आफ्नो नेतृत्वको सरकारलाई कसैले पनि हल्लाउन नसक्ने डंक पिटिरहेका हुनाले असारमसान्तपछि सरकार फेरिन सक्ने सम्भावना बढेको छ ।

सरकारले ल्याएको बजेट पूर्णरुपमा हावादारी रहेको प्रतिपक्षी दल नेपाली कांग्रेसले आरोप लगाएको छ । तर बजेटमा कतिपय राम्रा कुराहरु पनि छन् । बजेट आउँदैमा त्यसलाई राम्रा भन्न सकिने अवस्था रहँदैन । कार्यान्वयनलाई हेरेर मात्र बजेटको मूल्यांकन गरिनुपर्छ । अहिलेसम्मको अवस्था हेर्दा बजेट कार्यान्वयन फितलो रहेको छ । ओली नेतृत्वको सरकारले कतिपय कार्यक्रमहरु पहिला नै असफल सावित भएका योजनाहरु बजेटमा समावेश गरेको छ । हुनै नसक्ने योजनाहरु राखिएका छन् । आफैंले सार्वजनिक रुपमा घोषणा गरेका कार्यक्रमहरु बजेटमा राखिएका छैनन्, त्यसको प्रमाण हो, घरघरमा ग्यासको पाइप पुऱ्याउने । घरघरमा ग्यासको पाइप पुऱ्याउने योजना बजेटमा कहिँकतै परेको छैन । यसरी केही हावादारी र उडन्ते गफ गरेर ओली नेतृत्वको सरकारले जनतालाई भ्रममा राख्ने कोसिस गरेको हुनाले ओली नेतृत्वको सरकार समेत नेपाली जनतालाई विस्तारै अभिशाप सावित हुँदै गएको छ ।

सरकार सञ्चालनमा सत्ताधारी पार्टीहरुबीच नै खटपट सुरु भएको र एमालेभित्रै ओलीको विरुद्धमा पूर्वप्रधानमन्त्रीहरु माधवकुमार नेपाल र झलनाथ खनाल एक जुट भएर सरकारको कार्यशैली र पार्टी सञ्चालनको कार्यशैली विरुद्ध मोर्चाबन्दीमा लागेका हुनाले त्यसको फाइदा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले लिन सक्ने सम्भावना देखिएको छ । आन्दोलनरत मधेसवादी दलहरुलाई समेत संविधान कार्यान्वयनको पक्षमा सहमतिमा ल्याउन आवश्यक भएपनि प्रधानमन्त्री ओलीले मधेसवादी दलहरुलाई सहमतिमा ल्याउन सक्ने सम्भावना न्यून रहेको हुनाले यदि ओली नेतृत्वको सरकारबाट न त संविधान कार्यान्वयन हुन्छ, न त बजेट नै । त्यसैले अब ढिलो नगरी राष्ट्रिय सहमतिको सरकार निर्माण गरी ओली नेतृत्वको सरकारलाई विदा गर्नु ढिला गर्नुहुँदैन भन्ने हाम्रो धारणा रहेको छ ।

# आफ्नै कारणले ओली सरकार संकटमा

देवेन्द्र चुडाल

प्रधानमन्त्री केपी ओलीले माओवादीसँग कुनै गोप्य सहमति नभएको भन्दै भद्र सहमति भनेको के हो ? भन्ने प्रश्न गरेका छन् । वैशाख २३ गते माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँग नौ बुँदे सहमति मात्र भएको हो, अन्य कुनै गोप्य सहमति नभएको खुलासा गर्दै अरू सहमति भएको आफूलाई थाहा नभएको उद्घोष गरेपछि एमाले र माओवादीबीचको सम्बन्धमा संकट उत्पन्न हुन सक्ने संभावना बढेको छ । प्रधानमन्त्री ओलीले राप्रपाको २७ औं स्थापना दिवसको उपलध्यक्षमा त्यस्तो उद्घोष गरेका हुन् । त्यहाँ उपस्थित सञ्चारकर्मीहरूलाई प्रतिक्रिया दिँदै प्रधानमन्त्री ओलीले भने, भद्र सहमति भनेको के हो, मलाई त्यसबारे केही थाहा छैन । कसैले छलफलका लागि धेरै बुँदा ल्याएको भए पनि छलफलका लागि नौ बुँदा मात्र आएको र त्यसमा मात्र सहमति भएको हो ।

प्रधानमन्त्रीले उक्त कुराको खुलासा गरेको एक दिनअघि मात्र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले प्रधानमन्त्रीलाई भेटेर वैशाख २३ गते भएको भद्र सहमतिका बारेमा जिज्ञासा राखेक थिए । माओवादीका नतोहरूले बजेट पारित भएपछि पुष्पकमल दाहालको नेतृत्वमा सरकार निर्माण गर्ने सहमति भएको दाबी गर्दै आएका छन् । बजेट संसदमा पेश भइ छलफलका क्रममा रहेको र असार २० गतेसम्ममा बजेट पारित हुने सम्भावना बढेपछि माओवादीले ठीक त्यहीबेला दाहालको अध्यक्षतामा सरकार निर्माण हुने दाबी गरेपछि प्रधानमन्त्रीले भद्र सहमति नै नभएको सार्वजनिक उद्घोष गरेका छन् । प्रधानमन्त्री ओलीका अनुसार राष्ट्रिय सहमतिको सरकार बनाउने विषयमा छलफल भएको र दाहालका नाममा सहमति भए आफूलाई मान्य हुने ओलीले बताउँदै आएका छन् । राष्ट्रिय सहमतिको सरकार बन्ने सम्भावना देखिएको छैन । के राष्ट्रिय सहमतिको सरकार भनेको कांग्रेस, एमाले र माओवादीबीच हुने सहमति मात्र हो ? अहिले यो प्रश्न टड्कारो रुपमा उठ्न थालेको छ । अहिले व्यवस्थापिका संसदमा ३२ दलको प्रतिनिधित्व रहेको छ । ३२ दल मध्ये ओली नतृत्वको सरकारमा १३ दलको सहभागिता र समर्थन रहेका केही दल सत्तामा नभएका भए पनि सरकारलाई बाहिरबाटै समर्थन दिइरहेका छन् । संसदको सबैभन्दा ठूलो दल प्रतिपक्षी भएर बसेको छ । ठूला पार्टी भनिएका कांग्रेस, एमाले र एमाओवादी मिलेर सरकार निर्माण गरिए त्यो मुलुककै लागि दुर्भाग्यको विषय बाहेक अन्य केही हुन सक्दैन । तीन ठूला दल मिलेर सरकार निर्माण भए त्यस्तो सरकार तानाशाही हुने र अन्य साना दलहरूले उठाएका मुद्दाहरू कुनै सम्बोधन नहुने र प्रमुख प्रतिपक्षी दल पनि नाम मात्रको हुने भएको हुनाले तीन ठूला दल मिलेर सरकार निर्माण गरिनु कुनै हालतमा पनि उचित हुन सक्दैन । यदि त्यसरी सरकार निर्माण भए मुलुकमा लुटतन्त्र नै चल्ने र मुलुक थप संकटमा पर्न सक्ने भएकाले त्यस्तो सरकारको कल्पना गुर्न नै बेकार हुन्छ । ठूला दल मिलेर निर्माण गरिएको सरकारलाई कुन सर्तमा राष्ट्रिय सहमतिको सरकार भन्न सकिन्छ ? यदि राष्ट्रिय सहमतिको सरकार निर्माण गर्ने भए सबै ३२ वटै दलको सहयोग र समर्थनमा सरकार निर्माण हुनुपर्छ । त्यसरी निर्माण गरिएको सरकारलाई मात्र राष्ट्रिय सहमतिको सरकार भन्न सकिन्छ ।

संविधान निर्माणकै क्रममा रहेका बेला केही मधेसवादी दलहरू संविधानसभा नै छोडेर मधेस आन्दोलनमा गए । अहिले पनि उनीहरू कुनै न कुनै खालको आन्दोलनमा छन् । मधेसवादी दलहरूले पछिल्लो समयमा उपत्यकाव्यापी आन्दोलन गरे । सिंहदरबार घेराऊ गरे, प्रधानमन्त्री निवसा घेराउपछि उनीहरूले विभिन्न चरणमा आन्दोलन गरिरहेका बेला मधेसवादी दल हरूले उठाएका मुद्दाहरूको सम्बोधन गर्नुको बदला ठूला भनिएका दलहरू सरकार गिराउने र बनाउने खेलमा रमाउन थालेका छन् । सत्ताको नेतृत्वकर्ता एमाले र सत्ता साझेदार माओवादीबीच बजेट ल्याउनुअघि नै दरार उत्पन्न भएको थियो । त्यसलाई बजेट संसदमा पेश भएपछि झन बल मिलेको छ । माओवादी अध्यक्ष दाहालले प्रधानमन्त्री ओलीलाई भेटेरै आफ्ना पार्टीका नेताहरूले सम्हालेका मन्त्रालयहरूमा कम बजेट राखिएको भन्दै बजेट एमाले अर्थात् प्रधानमन्त्री ओली र अर्थमन्त्री विष्णु पौडेलले मात्र ल्याएको र उनीहरूले आ-आफ्नो चुनावी क्षेत्रमा धेरै विकास निर्माणका कार्यहरू राखेको भन्दै आक्रोश पोखेका छन् भने अर्को सत्ता साझेदार दल राप्रपा नेपालले त वक्तव्य नै निकालेर आफ्नो पार्टीले दिएका सुझावहरू बजेटमा नसमेटिएको भन्दै असन्तुष्टी जाहेर गरेको छ । यसरी सत्तामा रहेका दुई प्रमुख दलहरू ओलीको नेतृत्वप्रति असन्तुष्ट रहेका बेला एमाले वरिष्ठ नेता एवं पूर्वप्रधानमन्त्रीहरू माधवकुमार नेपाल र झलनाथ खनालले भद्र गोप्य सहमति भएको भन्दै आफूहरू त्यसको साक्षी भएकाले सहमति पालना हुनुपर्ने बताएका छन् । एकातिर प्रधानमन्त्री ओली सहमति नै नभएको बताउँदै आएका छन् भने अर्कोतिर आफ्नै पार्टीक नेताहरू सहमति भएको अभिव्यक्ति सार्वजनिक रूपमै दिँदै हिँड्नुले प्रधानमन्त्री ओलीलाई आफ्नै पार्टीबाट संकट पैदा हुनसक्ने सम्भावना देखिएको छ । नेता नेपालले त एक सर्वाजनिक कार्यक्रममै उद्घोष गरे, पार्टी नेतृत्वले पार्टीलाई गुण्डा, भ्रष्टाचारीहरूको अखडा बनाएको र पार्टीलाई व्यक्तिगत प्रयोजनका लागि प्रयोग गरेको भन्दै नेतृत्वलाई कडा चुनौती समेत दिएका छन् । ओलीलाई अहिले संविधान कार्यान्वयन गर्नेदेखि लिएर आन्दोलनरत मधेसवादी दलहरूका माग सम्बोधन गर्ने र सबै दललाई मिलाएर अघि बढ्ने दायित्व रहेको बेला आफ्नै पार्टीबाट उनले सहयोग पाउन नसकेका हुनाले ओली असफल प्रधानमन्त्री बन्न सक्ने सम्भावना पनि प्रवल रहेको छ ।

प्रधानमन्त्री ओलीलाई उनकै पार्टीभित्रबाट त्यति सहयोग र समर्थन नमिलेपछि उनले राष्ट्रियता र राष्ट्रिय अखण्डताका पक्षमा लिएको अडानका कारण जनताको व्यापक समर्थन रहेको थियो । पछिल्लो समयमा त्यो समर्थन केही खस्किएको भएपनि अहिले पनि उनलाई जनताको दऱ्हो समर्थन रहेको छ । २०७२ साल वैशाख १२ गते गएको भूकम्पले गर्दा पीडित भएका जनताले पीडा कम गर्ने कार्य भ्यागुते गतिमा अघि बढेको छ । सरकारको बोली र काम गराईमा तारतम्य मिलेको छैन । सरकार विघटन हुने हल्लाले गर्दा कर्मचारीहरूले सरकारलाई टेर्न छाडेका छन् । यी सबै कार्यहरूले गर्दा जनताले न्याय पाउन सकेका छैनन् भने ओली नेतृत्वको सरकारले संयुक्त सरकारको संस्कृतिलाई ध्यान दिएर त्यसैअनुसार कार्य आगाडि बढाउनु पर्नेमा त्यसो हुन सकिरहेको छैन । नेकपा एमालेका नेताहरूले सम्हालेका मन्त्रालयहरूमा एकलौटी ढंगले सरुवा बढुवा र नियुक्ति गरिहेका छन्, त्यसैमा अन्य सत्ताधारी दलहरूले आपत्ति जनाएपनि प्रधानमन्त्री ओली भने मौन बसेका हुनाले सत्ताधारी दलहरू नै ओलीप्रति आक्रोशित भएका हुनाले ओलीलाई पहिलो संकट आफ्नै पार्टीभित्रबाट र दोस्रो संकट सत्ताधारी दलबाटै देखिन्छ । प्रधानमन्त्रीले संयुक्त सरकारको संस्कृतिबाट अगाडि नबढ्ने हो भने सरकार तत्कालै ढल्न सक्ने सम्भावना समेत देखिन्छ । संयुक्त सरकार भएपनि कतिपय विषयमा स्वयं प्रधानमन्त्री ओलीले एकलौटी ढंगले निर्णय गर्ने गरेको दुखेसो अन्य सत्तधारी दलका नेताहरूले गरेका छन् । यसरी अन्य सत्ताधारी दलहरूलाई वेवास्ता गर्दै सत्ता सञ्चालन गरिए त्यसको प्रत्यक्ष मार ओलीले नै खप्नु पर्ने निश्चित देखिएको छ ।

एकातिर माओवादी भद्र सहमति अनुसार सरकार परिवर्तन हुने उद्घोष गुर्न र अर्कोतिर अन्य सत्ताधारी दलहरूलाई वेवास्ता गर्दै अघि बढ्नुले सरकारको आयु लम्बिँदैन । मधेसावादी दलहरूले संविधानलाई स्वीकार गरेका छैनन् भने दक्षिणी छिमेकी मुलुक भारतले समेत संविधानलाई स्वीकार गरिनसकेको अवस्थामा प्रधानमन्त्री ओली एक्लै अघि बढ्न खोज्नु भनेको उनको मूर्खता बाहेक अन्य केही हुन सक्दैन । मधेसवादी दलहरूले उठाएका जायज मागहरू सम्बोधन हुनै पर्छ । यदि जायज मागहरू सम्बोधन पछि पनि उनीहरू संवैधानिक मार्गमा नआए उनीहरूलाई संविधान अनुसार नै कारबाही गर्न सकिने अवस्था हुन्छ, तर उनीहरूसँग वार्ताका नाममा वार्ता मात्र गर्नु र सयम मात्र वर्वाद पार्नुको कुनै औचित्य छैन । भूकम्प र नाकाबन्दीले गर्दा पीडित भएका जनताको सेवामा लाग्नु सबै राजनीतिक दलहरूको कर्तव्य र दायित्व भए पनि उनीहरू सबै सरकारको मुख मात्र ताकेर बसेका छन् । सरकारले पुऱ्याउने सहयोग र समर्थनलाई राजनीतिक दलहरूले सहयोग गरेको खण्डमा घरबारविहीन भएका पीडितहरूले वर्षायाम अघि नै आफ्नो घरमा बस्न पाउन सक्थे । तर खोई राजनीतिक दलहरूको सहयोग । जनताको सेवाका लागि गठन भएका भनिएका राजनीतिक दलहरूले जनतालाई सत्तामा पुग्ने भऱ्याङ मात्र बनाउन थालेका हुनाले राजनीतिक दलहरूप्रति जनताको वितृष्णा उब्जिन सक्ने सम्भावना देखिएको छ ।

केपी ओली नेतृत्वको सरकारले संसदका पेश गरेको बजेटमा केही राम्रा कार्यक्रमहरू भए पनि त्यो कार्यान्वयन हुनसक्ने सम्भावना न्यून देखिएको छ । प्रधानमन्त्रीले सार्वजनिक रूपमै उद्घोष गरेको उपत्यकाका घरघरमा ग्यासको पाइप पुऱ्याउने घोषणा घोषणामै सीमित रहेको छ । बजेटमा त्यस कार्यका लागि एक पैसा छुट्याइएको छैन । महँगीको मार खेप्न बाध्य भएका जनतालाई महँगीबाट पार लगाउने योजना समेत सरकारको देखिएको छैन । पत्रकारिता क्षेत्रका लागि कुनै कार्यक्रम नै राखिएको छैन । उल्टो कागजमा कर लगाइएको छ । यी सबै कारणहरूले गर्दा ओली सरकारलाई जिम्मेवार सरकार र जनताप्रति उत्तरदायी सरकार भन्न सकिने अवस्था केही पहिला देखिएको पनि पछिल्लो समयमा त्यस्तो नदेखिएको हुनाले ओली सरकार पनि जनताका लागि बोझ मात्र सावित भएको छ ।

devendrachudal@gmail.com

# जनताको आँसु देखेर आक्रोसित भए पूर्वराजा



राजन कार्की

२०६३ सालदेखि अहिलेसम्म बिडमात्र तातेको थियो, बल्ल पिंध तात्न थालेजस्तो छ । पूर्वराजाका अभिव्यक्तिहरूले राजनीतिक हडकम्प मच्चाइदिएको छ । पूर्वराजा स्वयं देश र जनताका एजेण्डा बोकेर सडकमा निस्किए भने नेपालमा जनआन्दोलनलाई बिर्साउने परिस्थिति देखिने छ । ०६३ सालदेखि निरन्तर रूपमा पूर्वराजाले जनताका गुहार सुनेका पनि छन् । पूर्वराजाले जिम्मेवार तरिकाले राजनीतिक बर्गलाई सम्हालिन र जनता र देशप्रति जिम्मेवार हुन आग्रह गरिरहेका छन् । लाग्छ, यसपटकको पूर्वराजाको अग्रह राजनीतिक दलहरूलाई अन्तिम चेतावनी हो ।

स्वयं राजनीतिक नेताहरू सत्ता र शक्ति बितरणमा मिलेजस्तो देखिए पनि एकदोस्राप्रति बैरभावमा उत्रिन थालिसकेका छन् । विश्व समुदायमा नेपालको जुन इज्जत थियो, त्यो पनि गुम्दै गएको छ । अन्तर्राष्ट्रिय अध्ययन रिपोर्टहरू अनुसार पनि नेपाल भ्रष्टाचारी, दण्डहीनता भएको र मानवाधिकारको रक्षा गर्न नसक्ने मुलुकमा दरिन पुगेको छ । त्यसै पनि ६० युवा वैदेशिक रोजगारीमा गएका छन् र जानेक्रम बढ्दो छ । युवाविहीन मुलुक हुनलागेकोमा लोकतान्त्रिक चिन्तक, रक्षक र सञ्चालकहरू कसैलाई चिन्ता छैन । भर्खर आएको बजेटमा समेत युवा पलायन रोक्ने कुनै कार्यक्रम देखिन्न । विधि निर्माता सांसद विकास निर्माण गर्ने बजेट पाएर दङ्ग छन्, कानुन व्यवस्था कायम गरेर देशको प्रगति गर्नुपर्ने सरकार कानुन मिचेर हावादारी गफ हाँकेर समय बिताइरहेका छ भने जिम्मेवार ठूला दलहरू सत्ता र शक्तिको ठूलो भाग स्याहार्दैमा बेफुर्सदी बनेका छन् । यस्तो हाँस न कुखुराको चालमा फसेको मुलुक बिग्रेको देशको भत्केको चाला, जसजसले सक्ला उसउसले खाला भन्ने चरित्रमा देखिन्छ । नेतातन्त्रले देश बर्बाद पारिरहेको छ ।

देशका राजनीतिक, आर्थिक, सामाजिक दृश्यहरू कहालीलाग्दा परिदृश्य हेरिरहेका पूर्वराजा र भोगिरहेका जनताको अहिलेसम्मको सवर र सहनशीलता प्रशंसायोग्य छ । पूर्वराजाले परिवर्तनलाई यति धेरै सहयोग गरे, जनआन्दोलनको कदर गरेर जनअपेक्षा पूरा होस् भन्ने कामना गरिरहे तर राजनीतिक नेतृत्वले जनआन्दोलन, परिवर्तन र जनअपेक्षाको यति धेरै अपमान गरे कि लज्जा पनि लज्जित हुनथालेको छ ।

भूकम्प गएको तेह्र महिना नाघिसक्यो । महाभूकम्पबाट झण्डै ९ लाख घर ध्वस्त भए, दशौं हजार जनको मृत्यु भयो, लाखौं बेघरवार हुनपुगे । जनधनको क्षति कति भयो अझैसम्म स्पष्ट तथ्यांक राज्यले संकलन गर्न सकिरहेको छैन । यति ठूलो प्राकृतिक विपत्तिमा परेका जनताको पाइला पाइलामा राजनीतिक नेता, पार्टी र कार्यकर्तँहरू हुनुपर्थ्यो, राज्यले बिपत्तिमा परेकाको सहारा बन्नुपर्थ्यो, लोकतान्त्रिक मर्म मर्यादाअनुकूल उभिएर राज्य, राजनीतिक दल र संसदले जनताको पीडामा मलहम हुनुसक्नुपर्थ्यो । तव न लोकतन्त्रप्रति जनताको आस्था बढ्थ्यो, लोकतन्त्र गौरवगाथा बन्थ्यो ।

सरकार भ्रष्टाचारको पक्षमा उभिदा सरकारले जनताको एउटा पनि घर बनाउन सकेको छैन । राहतमा लूट, राज्यमा भ्रष्टाचार, शक्तिको दुरूपयोग र जनहकमाथि अतिक्रमण गरिरहेका राजनीतिक नेता, कार्यकर्ता र सुरक्षालगायतका कर्मचारीतन्त्रले लोकतन्त्रमाथि बलात्कार नै गरे । जनताको सहारा बन्न न नेता, सरकारले सके, न लोकतान्त्रिक पद्धतिले नै सक्यो । गैह्रजिम्मेवारीको पराकाष्ठा नाघ्यो ।

देखाउनका लागि जनताका नाममा जे भयो, जे गरियो, मात्र राजनीतिक भयो, राजनीतिकरण गरियो । आमनागरिकको भूकम्पीय घाउमा नूनचुक दलेर चर्को दमन गर्ने काममात्र भइरहेको छ । लोकतन्त्र भनेको लोकप्रतिको जिम्मेवार व्यवस्था हो, लोकतन्त्र लाग्छ, जनताप्रति कर्तव्यवोध नभएका अविवेकीहरूको खटनपटन हुनपुगेको छ । यहीकारण मुलुकमा अव्यवस्था छ, अराजकता छ, कानुनमाथि खेलबाड भइरहेको छ । सत्ता, शक्ति र प्रशासनको सीमा नाघेर दुरूपयोग भइरहेको छ ।

राजनीतिक अव्यवस्थाका कारण जनता बरू राजतन्त्र नै ठिक भन्न थालेका छन् । पूर्वराजा जता जान्छन्, उतै राजा आउ देश बचाउको नारा लगाइरहेका छन् । कुनै पनि नेता, लोकतन्त्र अथवा सत्ताधारीको जयजयकार गरेको कतै सुनिन्न । यसको अर्थ जनतामाथि शोषण मात्र भइरहेको छ । जनताले पाउनुपर्ने लोकाधिकारमाथि नेताहरूको सामन्ती हैकम

**गणतन्त्रपछि राजनीतिक दलहरुले जनताको समस्या समाधान गर्न नसकेकोले जनतामा वितृष्णा पैदा भएको र बढ्दै गएकाले राजतन्त्र जनताको मियो बन्न तैयार छ भन्ने संकेत गरेका छन् । पूर्वराजा बोल्दा सिंहदरवार, शितल निवासदेखि संसदसम्म भित्रभित्रै ज्वाराभाटा उठेको छ ।**

चलिरहेको छ । हुन पनि सत्ताको भागबण्डा गरेर केही ठूला दलहरू महाराजा बनेका छन्, यिनका बादशाही, राणाशाही फर्मानजसरी लोकतन्त्र चल्न थालेकाले जनतामा वितृष्णा फैलिन थालेको हो ।

२०६५ साल जेठ १५ गते संविधानसभाले गणतन्त्र कार्यान्वयन गरेपछि पूर्वराजाले जनादेशको कदर गरेर सर्लक्क राजदरवारबाट नागर्जुनको जंगलवास स्वीकारेका थिए । त्यसपछिका ८ वर्षसम्म पूर्वराजाले कानुनको परिधिमा आफूलाई सिमित राखे, जनताको कल्याण र प्रजातन्त्र बलियो होस् भनेर कामना गरिरहे । तर, पूर्वराजा परिवर्तनका प्रमुख पक्ष थिए, उनैलाई बेवास्ता गरेर केही नेता मिलेर हिन्दू मुलुकलाई जबरजस्ती धर्मनिरपेक्ष मुलुक घोषणा गरिदिए । सहअस्तित्वमा बाँचेका नेपालीहरूलाई संघीयताका नाममा जाति, भाषा, भेग, क्षेत्रमा बिभाजन गरेर बिखण्डनको विष छर्ने काम गरे । जसका कारण न शान्ति स्थापना हुनसक्यो, न यिनले जारी गरेको संविधान कार्यान्वयन भयो, न राजनीतिक मेल नै हुनसक्यो । देशभित्र यसरी बितण्डा मच्चिरहदा विदेशनीतिमा बिचलन आयो र नेपाल भारतवीचको ऐतिहासिक सम्बन्धसमेत चिस्सिएर ठूलै संकट उत्पन्न भइसकेको छ ।

नेतृत्वको असफलता र अकर्मण्यताका कारणले अव जनता र परिवर्तनका प्रमुख पक्ष पूर्वराजतन्त्र आक्रोसित हुनपुगेका छन् । जनता र पूर्वराजा सडकमा निस्कनै पर्ने बाध्यता आइसकेको छ । अझै पूर्वराजा अन्तिम चेतावनी दिएर राजनीति परिवर्तनप्रति जिम्मेवार होस् भनिरहेका छन् । तर कुकुरको पुच्छर बाह्रवर्ष ढुंग्रोमा राखे पनि सोझिदैन भनेझैं भ्रष्टाचार, अपराधिकरण र अलोकतान्त्रिकरणका लत बसिसकेका नेताहरूले जनता र पूर्वराजामाथि दमनकै शैली अपनाउने र त्यसैमा आफ्नो साख र दलीय स्वार्थ पूरा भइरहने देखेका छन् । उनीहरू गलत छन् र गल्ती सुधारेनन् भने राजनीतिक घटनाक्रमले अर्को परिवर्तन ल्याउने आहट दिन थालिसकेको छ ।

जेठ १ गते नुवाकोट पुगेर भैरवी, राम र रूद्रेश्वर महादेवको पूजा गरेर भाकल पूरा गरेका पूर्वराजाले नुवाकोटबाटै भनेका थिए- देशमा शान्ति आउनु पर्‍यो, जनताले सुख पाउनु पर्‍यो । त्यसपछि झापातिर लागेका पूर्वराजालाई सिन्धुलीका जनताले रोकेपछि पूर्वराजाले भनेका थिए- अहिलेको खराव स्थितिमा सुधार आउन जरूरी छ ।

झापा पुगेपछि पूर्वराजाले एकाएक पत्रकार युवराज घिमिरेलाई भेटेर मनका कुरा सार्वजनिक गरेका छन् । पूर्वराजाले आफूलाई आफूलाई संविधानको भन्दा पनि जनताको दूरावस्था र राष्ट्रको विकट अवस्थाको चिन्ता रहको जनाएका छन् । पूर्वराजाले देश जर्जर अवस्थामा पुगेको र जनता बढ्दो समस्याले धर्मराएको आफ्ना विभिन्न जिल्ला भ्रमणको क्रममा जनस्तरमा सुनेको र प्रत्यक्ष देखेको बताएका छन् ।

पूर्वराजाले भनेका छन्- प्रजातन्त्रको आडमा सबै बर्ग, समुदाय र सिंगो राष्ट्रलाई समेटेर अघि बढ्नुपर्छ । तर यी सबै राष्ट्रिय आदर्श आज किन भताभुंग हुँदैछन् ? राष्ट्र बचाउन, राष्ट्रियताको सम्बर्द्धन गर्न र सबै दुःखदर्द हटाउन दूरदर्शी दृष्टि चाहिन्छ । सही, स्वच्छ र समन्वयकारी नेतृत्व चाहिन्छ । सबैको सर्वमान्य दरो मियो चाहिन्छ । आफूले जनहितका लागि भन्दै राज्यसत्ता छाडेपनि बितेका १०-११ वर्षमा आएका सरकारले राष्ट्रको गहनतम जिम्मेवारी बहन गर्न सकेनन् । गणतन्त्रपछि राजनीतिक दलहरूले जनताको समस्या समाधान गर्न नसकेकोले जनतामा वितृष्णा पैदा भएको र बढ्दै गएकाले राजतन्त्र जनताको मियो बन्न तैयार छ भन्ने संकेत गरेका छन् । पूर्वराजा बोल्दा सिंहदरवार, शितल निवासदेखि संसदसम्म भित्रभित्रै ज्वाराभाटा उठेको छ ।

यसपटकको पूर्वराजाको सक्रियता जनताको सहभागितासहित सडकमा उत्रने स्थिति बनिसकेको छ । लाग्छ, नेपाली राजनीतिले कोल्टे फेर्ने समय आयो । समयले यस्तै संकेत गरिरहेको छ ।

Sajha Express (p.) Ltd.
Domestic & INT 'L Courier Cargo Service

| Head Office | Branch Office |
| --- | --- |
| Hanumansthan, Anamnagar<br>Po Box 14189 Kathmandu,<br>Nepal, Tel .4230789 ,4230269 | Barnwal Market, Birgunj<br>Hari Panta (Branch Manager),<br>Tel. 051-526809 , 9855021524 |






# Why US Targeted Mullah Mansour in Pakistan Instead of Iran or Afghanistan ?

The Afghan Taliban has installed a new leader after a US drone strike killed former head Mullah Akhtar Mansour in Balochistan. In an official statement, the Taliban named Mullah Haibatullah Akhundzada as new leader. Sirajuddin Haqqani and Mullah Yaqoob son of Mullah Muhammad Omar have been named deputies of the new leader. "All the shura members have pledged allegiance to Sheikh Haibatullah in a meeting in Afghanistan," the statement said. Akhundzada, from Kandahar, is believed to be around 60 years of age and a member of the powerful Noorzai tribe. He was a close aide to the Taliban's founder Mullah Muhammad Omar.

According to the US, "Mullah Mansour had refused to participate in peace talks with the Afghan government, intensifying fighting since he officially took control in July after Omar's death," but it is a blatant lie to justify the drone attack. Two days after the drone attack, Atta Mohammad Noor, Governor of the northern Balkh province, in an interview to Reuters said: "Fighting may well pick up in some parts of the country after the killing of the Taliban leader, with suicide and bomb attacks". The statement that Mullah Mansour was against peace talks is absurd. Fact of the matter is that it was Mullah Mansour who had sent his team to participate in Murree talks, in which it was decided that substantive talks would take place in the next round. But that was not to take place.

The peace process was sabotaged by National Directorate of Security (NDS), which has many pro-Indian elements who were inducted during president Karzai era, by leaking the news of Mullah Omar's demise. Another objective was to create fissures in the Taliban during power struggle and naming the new leader. Taliban commanders who were against peace talks were angry, and to appease them and to establish his credibility Mullah Mansour had to halt the peace process. There is a perception that the US targeted him in Pakistan instead of Iran or Afghanistan or in Dubai or Bahrain. His family reportedly resides in Iran and he has been frequently visiting Iran. The US also tried to convey the impression that Pakistan was on board with a view to creating doubts in the minds of the Taliban about Pakistan.

Last but not the least, another objective was to show to the world that Pakistan provides safe haven to Taliban leaders. The US is playing a dangerous game in liaison with India and northern alliance elements, who do not wish to see peace in for different reasons. Secondly, the US wants to keep the pot boiling to maintain presence of its forces in Afghanistan. Finally, Northern Alliance leaders have overwhelming majority in Afghan government, and they do not wish to share power with the Taliban. On the other hand, the US and Afghanistan have been pushing Pakistan to do more, despite the fact Pakistan military conducted operations in South Waziristan and more recently in North Waziristan and dismantled terrorist's infrastructure and networks. They had pinned high hopes on Pakistan that it would bring the Taliban to the negotiating table on their conditions.

Pakistan has been telling them that it does not have the leverage to force the Taliban to accept Afghan government's terms and conditions. In fact, even before Pakistan announced its support for the US-led military operation in Afghanistan, Islamabad's relations with the Taliban government were strained because of its refusal to hand over several wanted members of Lashkar-e-Jhangvi. During Musharraf era, then Pakistan's interior minister General ® Moeenuddin Haider had gone to Kandahar and requested Mullah Omer to hand over Riaz Basra to Pakistan who was allegedly involved in killings of hundreds of Shias, including Shia doctors, policemen, lawyers, and in killing Iranian diplomat Sadiq Ganji in 1990, and a deadly attack on a gathering at a Shia cemetery in 1998. He was arrested in 1992 and sentenced to death for killing Ganji, but escaped from prison in 1994, and later crossed over to Afghanistan.

At the time of independence, Afghanistan was the only country that voted against Pakistan's entry into the UN. Almost governments were not willing to accept the Durand Line as a permanent border between Pakistan and Afghanistan; and even Taliban government had taken the same position. Anyhow, Indian RAW and Afghanistan's NDS continue with their propaganda campaign against Pakistan. They are concocting stories to denigrate Pakistan military. One can imagine from the news story prompted by Afghan intelligence which was aired on "1TV Afghanistan" last month that "Pakistani military senior officer was killed in North Afghanistan while fighting along with Taliban." Afghanistan's National Directorate of Security (NDS) staffers do not seem to be aware of the role of senior officer in the army.

From the above, one can understand the level of NDS, RAW and even CIA personnel who are out to defame Pakistan by hook or by crook. From articles and treatises by American and western authors and opinion makers, it is not difficult to conclude that the ultimate objective of the US is to completely neutralise Pakistan's nuclear and missile program with a view to making Pakistan subservient to India. Pakistan's nuclear assets are subjected to hostile propaganda linking them with psychologically premeditated threats to project them unsafe and perilous for the region. Pakistani nuclear assets, of course are under safe hands, and any propaganda against Pakistani nukes is based on ill-intention and pernicious designs. Anyhow, Pakistan˚:'s decision to develop short-range-low yield (SRLY) nuclear weapons is a measured reaction to Indian adoption of dangerous nuclear doctrine to fight a limited war.

**By : Jamil**



# मधेश, अतिक्रमण र वनविनाश

*खुसीलाल मण्डल*

समथर भूमिको संक्षिप्त वर्णन : वर्तमान नेपालका समथर भूमिका इतिहास जनक, विराट, बुद्ध र सलहेससँग जोडिएको छ । राजा जनकको दरवारमा विश्वप्रसिद विद्वत सभामा बाङ्गो शरिर भएको पुड्का विद्वान अस्टावक्र शास्त्रमा महान विद्वानहरूलाई पराजित गरेको थियो । मिथिला विभूति नारी भारती आद्या शंकराचार्यलाई शास्त्रार्थमा पराजित गरेकी थिइन् । जनकपुर नगरिमा आज पनि ज्ञान कुपनाउको शिक्षण संस्था विद्यमान छ । जुआको खालमा पाण्डवबन्धु सम्पूर्ण सम्पति हारेपछि भएको सहमतिअनुसार राजा विराटको दरवारमा विभिन्न गुप्तनाम धारण गरि १२ वर्ष गुप्तवास बस्नुभएको थियो । शाक्य वंशीय राजा सुधोधनका पुत्र सिद्धार्थ गौतम वोधगयामा ज्ञान प्राप्ति गरि विश्वमा दया, करूणाको सन्देश प्रवाहित गर्नुभएको थियो ।

वर्तमान नेपालको उत्तर–पूर्वस्थित किरात राज्यमाथी तिब्बति शासक आक्रमण गरेपछि राजा शलहेस आफ्नो सेनासाथ किरात राजाको मद्दत गरी आक्रमणकारी तिव्वतीलाई हिमालपारी धपाएको हो । समथर भूमिको पूर्वीय क्षेत्रका बासिन्दा जंगलबाट काठ दाउरा सबै (बावीयौ) ल्याउन जंगल जानुअघि र फर्केपछि राजा शलहेसको पुजा गरिन्थ्यो । मान्यता के थियो भने जंगलका राजा शलहेश हुन्, उहाँले नै जंगलमा हिंसक जनावरबाट रक्षा गर्दा हाम्रो गाउँघरमा वर्षमा कमसेकम एकपटक शलहेशको पुजा गर्ने परम्परा आज पनि छ । सप्तरीकै कटैयाँमा जन्मिनुभएका दिनाभद्री दाजुभाइको विश्वभरिका मुसहर समुदाय आफ्नो इष्ट देवताको रूपमा पुजा गर्दछ अन्य जातजातिका नरनारी पनि दिनाभद्रीको थानमा माथा टेकी आशिर्वाद प्राप्त गर्दछन् ।

समथर भूमिमा दु:खका कारणहरु : भारतवर्षमा मुगल साशकको उदयपछि त्यहाँका नागरिकहरु माथि नानाथरिका कर मात्र लगाएन तिनका कारिन्दा स्थानीयवासीका जग्गाजमिन हड्पन थाले । मुगल शासनको अवसान र भारत वर्षमा इष्टइण्डिया कम्पनीको उदय तथा नेपालमा शाहवंशी गोरखा राज्यको उदय समकालीन जस्तै छ । इष्टइण्डिया कम्पनीको लक्ष्य किसानको जग्गाजमिन हड्पनुको साटो किशानबाट कर असुल गरी शासकीय खर्च चलाउने र व्यपार विस्तारमा केन्द्रित थियो । गोरखाका राजा पृथ्वीनारायण शाह नुवाकोट राज्यमाथि नियन्त्रण गसिकेपछि काठमाण्डौघाटी भित्रका राज्यमाथि कब्जा गर्न नौं महिनासम्म नाकाबन्दी गरी नुन र कपासको आपूर्तिसमेत बन्द गरी अधिकार जमाएपछि मकवानपुरको सेन राजामाथि कब्जा गरी समथर भूमिमा प्रवेशको लक्ष्य लिएको थियो भने इष्टइण्डिया कम्पनी नेपालको बाटो भएर तिब्बत चीन मंगोलियासम्म व्यापार गर्ने लक्ष्य राखिएको थियो । सोही क्रममा गोरखाका राजा र इष्टइण्डिया कम्पनीबिच पटक–पटक युद्ध हुन थालेपछि १८२७ मा पृथ्वीनारायण शाह मकवानपुरका सेनवंशीय राजा भवानीराज सेनले मुगल बादशाहपछि इष्टइण्डिया कम्पनीलाई बुझाउँदै आएको नौं हात खडा दुई हात्ती अन्य कोसेलीका साथै मालवजवी (मालपोत) असुलउपर गरि दिने सर्तसाथ झागाझोली निवासी सेनवंशीय राजाका पूर्वकर्मचारीका पुत्र दिनानाथ अपाध्याय (दहाल) मार्फत इष्टइण्डिया कम्पनीको बेतियामा रहेको प्रमुख समक्ष प्रस्ताव गरेपछि कमजोर भैसकेको सेना राजाको साटो गोर्खाको राजालाई पुरानो बक्यौतासहित मालपोत असुलगरि बुझाउनुपर्ने हात्तीसहितको उपहार सालसाल दिनुपर्ने र काठमाडौंमा ब्रिटिश रेजिडेन्टको कार्यालय खोल्न दिई तिब्बतर्फको बाटो हुँदै व्यापार गर्न दिनुपर्ने सर्त राखेपछि पृथ्वीनारायण शाह इष्टइण्डिया कम्पनीको सर्त स्वीकार गरी मकवानपुरदेखि रौतहटसम्मको मालगुजारी असुल गर्ने अधिकार पाएपछि समथर भूमिमा दु:खको पहाडको सिर्जना हुनलागेको र राणा शासनकालमा विकराल रूप लिएको हो शाह शासक समथर भूमिका किसानको जग्गा हड्पी, जङ्गी र निजमति कर्मचारीको तलब दिन थालेको हो भने राणाशासकहरु समथर भूमिका किसानको जग्गा र जंगल आफ्नो नातागोता कारिन्दा, तावेदारलाई विर्ता दिन थालेको हो राणा ३ सरकार भिम शम्सेरको समयमा रोजगारीका लागि असमदेखि मणिपुर, नागालैण्डसम्म पलायन भएकापहाडी समुदायलाई नेपालमा बसोवास गराउन मोरङ्गको ४५ हजार विगहा जंगल फडानी गराई बसोबास गराउन थालेपछि समथर भूमिमा पहाडी समुदायको बसोवास बढ्दै गएको हो । वि.सं. २०१७ पुष १ गतेपछि कथित राष्ट्रवादको नाउँमा चुरे क्षेत्रको जंगल विनाश गराई भूमिहीनको नाउँमा पहाडी समुदायलाई बसोबास गराउन थालेपछि जनसंख्याको हिसाबमा पनि कतिपय जिल्लामा समथर भूमिका मूलवासी अल्पसंख्यामा पुगेको छ ।

२००६ सालमा कलकतामा सम्पन्न नेपाली कांग्रेसको अधिवेशनमा समथर भूमिमा कामय रहेको विभेदको बारेमा नेपाली कांग्रेसका तत्कालीन अध्यक्ष मात्रिका प्रासद कोइराला अध्यक्षीय भाषणमा गरेको चित्रण निम्नप्रकार छ : तराई खण्डमा खोरीयाफारी गर्ने किसानको हालत पनि उतिकै दु:ख लाग्दो छ । औंलो घामपानीको समाना गर्दै बाँझो जग्गा आवाद गर्ने किसान ऋण र चर्को व्याजको चपेटामा परी भोकभोकै छन् । जग्गा हुने किसानको हातबाट जगा निस्कदै गई सुकुमवासी भएर गएका छन्, यस्ता किसानहरूको जगा राणाशाहीका पृष्ठपोषकहरु सुधखोरीमा मोटाउने पुँजीपतिहरूको हातमा जाँदैछ २–३ महिनामा नै डयोढासवैयाब्याजका चलन तराईमा एउटा मामुलि घटना भैसकेको छ आज जहाँ राणा सरकार तराईमा विघटी र सालसालै पोत बढाउँदैछ । उसकै कारणले विश्वव्यापी मन्दिका समय ९०–९५ सालमा रैतिहरूको जग्गाा पोतपजनी गर्न नहिचकिचाई जिल्लाका जिल्ला विरान पारियो । वाजेवराजुको पालादेखिको जग्गा रैतिहरूले आफ्नो परिवारको गहना बेचेर थामने कोसिस गरे नसक्दा जग्गा छोड्न करै लाग्यो आज यस्ता जग्गा गूरूज्यु, थापा काजी, सरदार हत्याएका छन् । साना साना रैति किसानको त कुरै छाडौं हात्ती पाल्ने प्रतिष्ठित मधेशका परिवारले आफ्नो जग्गा जायदाद छाड्नुपर्यो । मधेशमा अत्याचार झन् दोहोरो छ । राणा सरकारको व्यापक साशन कुव्यवस्थाको परिणाम त छदैछ उसमा पर्वते भाषाभाषी हाकिम कारिन्दाहरूको अत्याचार झन् बढ्दो छ । सानासाना अत्तोमा डराई धमकाई त्रास देखाई सुरुवाल लगाउनेहरुले घोती लगाउनेहरूलाई चुसी राखेका छन् । एकै मुलुकका वासिन्दा भएपनि उनीहरूसित देशवासी जस्तो व्यवहार गरिन्न । नत उनीहरूले निजामति जागिर पाउँछन् न त जङ्गी नै ।

देशलाई एकै सूत्रमा बाँधने राष्ट्रियता जोगाउन एकै देशका वासीहरूमध्ये सामान अधिकार हुन आवश्यक छ । नेपालका राणाशाहीले तराई भेगलाई आफ्नो लुटको क्षेत्र र अर्को देश जितको जस्तो गरी त्याहाँका वासिन्दासित व्यवहार गरिराखेको छ । तसर्थस्वाभाविकै छ त्यहाका बासिन्दा समष्टीरूपले आफ्नो देश नमान्नु । आजभन्दा २–४ वर्ष अगाडीसम्म प्रतिष्ठित एवम् शिक्षित तराईवासीलाई सरकारी अडा कचहरीमा बस्नसम्म पाउने सौजन्य प्राप्त थिएन । हलैमा कारिन्दासरह बेन्चमा बस्न दिनु भने भएको छ ।

२००७ को क्रान्तिपछिको अवस्था : त्यसो त नेपालका प्रमुख दलहरूको स्थापना भारतमै भएको हो ०७ सालको क्रान्तिको प्रवेशमार्ग भारत भएर नेपालका समथर भूमि नै रहेको छ । समथरभूमिबासीको सहयोगमा राणा शाहीको अन्तभएपछि विदेशीएका राजवंशको स्वदेश वापसी भएको रजनताको छोरा मात्रिका प्रसाद कोइराला प्रथम प्रधानमन्त्री बन्नुभएको हो । सोबखतदेखि अहिलेसम्म कोइराला परिवारकै चार दाजुभाई पटकपटक नेपालका प्रधानमन्त्री भइसकेका छन् । शाहवंशकै राजा महेन्द्र, विरेन्द्र, ज्ञानेन्द्र ३५ वर्षभन्दा बढी प्रत्यक्ष शासन गरे । राजा महेन्द्रको शासनकालमा हजारौं विघा समथर भूमिका जंगल विनास गराई कथित सुकुमवासीको नाउँमा लाखौं पर्वतेवासीमा जग्गा वितरण गरि समथर भूमिमा बसाइयो तर समथर भूमिका सुकुमवासी, मूलवासी दलित ९०–९५ आदिवासी ७०–७५ र ५०–५५ प्रतिशत अन्य पिछडिएको समुदायका सुकुमवासीलाई किन जगा उपलब्ध नगराएको थियो ? राणाशाही समाप्त भएको ६६ वर्षपुरा हुन लागेको छ । त्यस अवधिमा पञ्चायती, संसदीय र गणतान्त्रिक व्यवस्था स्थापना भैसकेको छ । यस अवधिमा समथर भूमिका मुवासीले के पायो । राणाकालमा २–४ जना सुब्बा र अडिटरको नियुक्ति हुन्थ्यो । आज पनि २–४ जना सिडियो कहिलेकाहि १–२ जना सचिवको नियुक्ति हुने गरेको छ । राणाहरूले दुनियालाई देखाउन र आफ्नो सत्ता टिकाउनलाई समथरवासीलाई १–२ ठाउँमा सुब्बा अडिटर नियुक्ति गरिन्थ्यो आज पनि कथित समाजवादी साम्यवादी दल दुनियालाई देखाउन केही मन्त्री र अन्य पदमा नियुक्ति गरिरहेको छ । शाह र राणाकालमा जङ्गीसेवामा समथर भूमिवासीको प्रवेश निषेधित थियो आजपनि त्यो निषेध कायम छ । समथर भूमिवासीका सन्तान लोकसेवा, न्याय सेवा, विदेश सेवामा प्रवेश किन पाउँदैन ? के वास्तवमै तिनीहरु असक्षम छन् ? या नियोजित प्रपञ्चको शिकार भैरहेका छन् । राणाकालमा दौरा सुरूवाल टोपी शासन सत्ताको प्रतिक मानिन्थ्यो आज पनि टोपी र धोतिको फरक किन भैरहेको छ ?

शिक्षा र समथरभूमि : नेपालका समथरभूमि शिक्षाको केन्द्रविन्दु थियो । नेपालको कुनै क्षेत्र छैन होला जहाँ समथरभूमिका वासीले शिक्षाका ज्योती जगाएको नहोला । आजपनि पहाडी भू–भागका कतिपय जिल्लाका स्कुलहरूमा विज्ञान, गणित र अंग्रेजी शिक्षकमा मधेशी शिक्षक कार्यरत छन् । तर, सोही मधेशी सरकारी सेवाका अन्य पदमा किन योग्य हुँदैन ? निजामती, जङ्गी र अन्य सेवामा बाटो अवरूद्ध भएको देखेपछि समथरभूमिवासी डाक्टरी इन्जिनियरी शिक्षा र सेवातर्फ आकर्षित भएका थिए अहिले सो बाटो पनि किन बन्द हुँदैछ ? समथरभूमिका मुलवासीका सन्तान शिक्षाबाट बिमुख हुनुको कारण शासकवर्गका भेदभाव नीतिको कारण अवसरबाट वञ्चित हुनु हो ।

सामाजिक विभेदको प्रश्न : मनोवादमा आधारित वर्ण व्यवस्था हिन्दुसमाजको सबभन्दा ठुलो विकृति हो यस विकृतिबाट समथरभूमि मात्र होइन सम्पूर्ण हिन्दु समाज ग्रसित छन् । जसलाई नेपालका मुलुकी ऐन पृष्ठपोषण गरेको थियो । ०७ सालको क्रान्तिपछि हामीले छुवाछुतको भेद मिटाउन र डेढाव्याजको विरूद्ध संघर्ष गर्‍यौं । छुवाछुतको भेद मिटाउन हामीले दलित समुदायबाट उच्च वर्गकाले प्रयोग गरिरहेका ईनार, पोखरीमा पानी भर्न लगायौ सहभोजको आयोजना गर्यो । जसमा आफ्नै नातागोताबाट विरोधको सामना गर्नुपरेको थियो । ६६ वर्षपछि पनि समाजिक विभेद किन कायम छ ?

नेपालका समथरभुमी : केही वर्षअघिसम्म समथरभूमिको गाउँघरमा एउटा उखान प्रचलित थियो 'उत्तम खेती मध्य व्यापार निर्धिन सेवा भिख निदान" समथरभूमिका ९० मुलवासी खेती किसानीमा रमाएका थिए । सीमापारीका मजदुर लगाएर बाली लगाउनेदेखि कटनीमड्नी गराउने गर्दथियो । समथरभूमिमा उत्पादन भएको अनाज देशका आवश्यकता पुरा गरि विदेश निर्यात हुन्थ्यो । तरआज समथरभूमिका नागरिक सीमापारीबाट आयातित अन्न खान किन बाध्य भएका छन् ?

अन्तमा : नेपालका समथरभूमिका ८५% मूलवासीको जिविकाको आधार आजपनि खेति किसानी नै हो । बढ्दो परिवार संख्याको कारण भएभरको जग्गा जमिन टुक्राटुक्रामा खण्डित हुँदै गएको छ । खेतिकिसानीको आयबाट परिवार पाल्न अस्मभव भएको छ । उनीहरूका लागि शाह राणाकाल जस्तै जङ्गगीसेवा निषेधित छ भन्ने सरकारी अर्धसरकारी सेवामा प्रंवेश पनि नियन्त्रित छन्, रोजगारीको वैकल्पिक आधार काठमाण्डौंदेखि देशका अन्य भू–भागको साथै भारतलगायत विदेशी भूमीमा श्रम बेचनुपर्ने बाध्यता छ । समथरभूमिका ९०% मूलवासी आ–आ□नो सन्तानलाई आजको महँगो शिक्षा दिलाउन सक्दैन । शिक्षित युवा पनि योग्यताअनुसार अवसर पाउँदैन । त्यसैकारण आ□नो सन्तानलाई उच्च शिक्षा दिलाउनको साटो काममा लगाउन बाध्य भएका छन् । ०४७ सालमा प्रजातन्त्र पुनर्स्थापना भएसँगै हामीले समान विकास र समानताको हक प्राप्तिका लागि राज्यको एकाङ्गी स्वरूप परिवर्तन गरि संघात्मक बनाउनुपर्ने र सामाजिक न्यायमा आधारित शासन व्यवस्था अपनाउन आवाज उठाउँदा हाम्रो मागलाई विखण्डनवाद र साम्प्रदायिकतासँग जोडी ठुकराइयो । अपवादबाहेक २६ वर्षदेखि नेपालका शासन व्यवस्थाका नेतृत्वसमाजवादी वा साम्यवादी भनाउँदाहरु गरिरहेको छ । ६ दशक लामो राजनीतिक जीवनमा मैले समाजवादको लक्ष्य समाजमा रहेको विभेद समाप्त गरि समान बनाउने र साम्यवादको लक्ष्य समाजमा रहेको विभेद समाप्त गरि साम्य (बाराबरी) बनाउने रहेको पढेजानेको छु । त्यस अवस्थामा देशमा व्याप्त आर्थिक, सामाजिक, जातीय र क्षेत्रीय विभेद घटनुको साटो किन बढ्दै गएको छ, समान अधिकारको माग गर्ने समथरभूमिका निहत्था बालवृध महिला सहित नागरिकको टाउकोमा किन गोली हानिन्छ ? यसको जवाफ कसले दिने ? शाह, राणा शासन र समाजवादी वा साम्यवादीको शासन व्यवस्थामा के भेद रहयो ? केही व्यक्ति वा जाति सम्मुनत हुँदैमा समग्र देश र जातजातिय सम्मुनत हुनसक्दैन । समग्र देशवासीको विकास भएन भने देशमा नयाँ सिराबाट द्वन्द्वको विजारोपन हुने निश्चित छ ।

**(मधेस दर्पण फिचर सेवा)**

नेपालकै उत्कृष्ट कोरियन भाषा इन्स्टिच्यूट

सिन्हवा कम्पनी प्रा.लि.

बागबजार, काठमाडौं

(पिके क्याम्पस अगाडि, यति प्लाजा)

फोन : ०१–६९२३१५२, ६९२३१३०

# स्वयंसेवक पाएन पुनर्निर्माणमा प्राधिकरणले

काठमाडौं । भूकम्पपीडितको भवन पुनर्निर्माणमा सरकारले घोषणा गरेजस्तो स्वयंसेवी खटाउन कोही तयार देखिएका छैनन् । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले ७ देखि २१ जेठसम्म पुनर्निर्माणमा स्वयंसेवी खटाउने घोषणा गरेको थियो । यसका लागि प्राधिकरणले निर्देशिकासमेत तयार गरिसकेको छ ।

निर्देशिकामा स्थानीय निकायको मातहतमा रहेर राजनीतिक दल, सरकारी तथा गैरसरकारी संघ–संस्थाबाट पुनर्निर्माणमा स्वयंसेवी परिचालन गरिने उल्लेख छ । मिति घोषणा गरेको १० दिन बितिसक्दा पनि पुनर्निर्माणमा स्वयंसेवी खटाउन राजनीतिक दल र गैरसरकारी संघ–संस्था तयार नभएका हुन् ।

भूकम्पपीडितलाई अनुदान सम्झौतामा सहयोग गर्न, पाल वा टेन्टमुनि बसिरहेका भूकम्पपीडितका लागि कम्तीमा अस्थायी आवास निर्माण गर्न, स्थायी आवास निर्माण गर्न चाहने घरपरिवारलाई सो कार्यमा सहयोग पुर्‍याउन प्राधिकरणले स्वयंसेवी परिचालन गर्ने भनेको थियो । यस कार्यमा विशेषगरी राजनीतिक दलका कार्यकर्ता खटाउने प्राधिकरणको लक्ष्य थियो । तर, उद्देश्यअनुसार कुनै पनि राजनीतिक दलले स्वयंसेवीका रूपमा आफ्ना कार्यकर्ता खटाएका छैनन् ।

पुनर्निर्माणमा सहयोग गर्न कांग्रेस टोली यतिखेर गाउँगाउँ पुगेको छ । सभापति शेरबहादुर देउवाको निर्देशनअनुसार कांग्रेस केन्द्रीय कार्यालयले १९ वैशाखमा भूकम्प अति प्रभावित १४ जिल्लामा सरकारले खटाएको इन्जिनियर टोलीसँगै कांग्रेसले प्रत्येक गाउँमा २०–२० जनाका दरले स्वयंसेवी खटाउने निर्णय गरेको थियो । इन्जिनियरहरूलाई सहयोगीको हिसाबमा काम गर्न भन्दै खाने–बस्ने व्यवस्था आफैं गर्नेगरी उनीहरूलाई खटाइएको कांग्रेस केन्द्रीय कार्यालयका सचिव प्रेम केसीले जानकारी दिए ।

उनका अनुसार अहिले रसुवा, नुवाकोट, काभ्रे, धादिङ, गोरखाका गाउँमा २०–२० जना कांग्रेसका नेता, कार्यकर्ता सहयोगीका रूपमा खटिएका छन् । यसरी सरकारले पठाएको इन्जिनियरसँग समन्वय गरी नर्स, स्वयंसेवी, डकर्मी, सिकर्मी, मजदुर, इन्जिनियर, ओभरसियरसहितका पार्टी कार्यकर्ता खटिएको केसीले जानकारी दिए । भूकम्पपीडितको अवस्थादेखि पुनर्निर्माणसम्मका विषय कसरी अघि बढेका छन्, के–के गर्नुपर्छ भन्ने विषयमा उनीहरूले काम गर्नेछन् । केसीका अनुसार जिल्लामा पुगेर गरेको कामको विवरण उनीहरु फर्केपछि कांग्रेसको वेबसाइटमा राखिनेछ ।

भूकम्पबाट अति प्रभावित सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी गोकर्णमणि दुवाडीका अनुसार सो जिल्लामा स्वयंसेवी खटाउन अहिलेसम्म कुनै पनि निवेदन परेको छैन । 'राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले स्वयंसेवी खटाउन निर्देशिका जारी गर्‍यो । सोहीअनुसार मातहतका सबै निकायलाई भनिएको छ । तर, अहिलेसम्म कसैले पनि निवेदन दिएका छैनन् । 'स्वयंसेवी खटाउन न राजनीतिक दल तयार भएका छन्, न त गैरसरकारी संस्था नै,' उनले भने ।

यस्तै, गोरखाका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले कुनै पनि राजनीतिक दल स्वयंसेवी टोली खटाउन तयार नभएको बताए । 'गोरखा भूकम्पको केन्द्रबिन्दु भएको जिल्ला हो । यहाँ धेरै पीडित छन् । उनीहरूलाई सहयोगको आवश्यकता छ, तर उनीहरूलाई सघाउन कुनै पनि राजनीतिक दल तयार छैनन्,' उनले भने, 'स्वयंसेवी खटाउन भनेर कुनै पनि राजनीतिक दलको निवेदन परेको छैन ।'प्राधिकरणको निर्देशिकाअनुसार स्वयंसेवी खटाउन चाहने राजनीति दल, सरकारी तथा गैरसरकारी संघ–संस्थाले ५ जेठभित्रै सम्बन्धित स्थानीय निकायमा निवेदन दिइसक्नुपर्ने थियो । अनुदान सम्झौता सुरू गरिएका ११ वटै जिल्लामा स्वयंसेवी खटाउन कसैले पनि निवेदन हालेका छैनन् । दोलखाका प्रमुख जिल्ला अधिकारी विष्णु शर्माले भने, 'स्वयंसेवी खटाउन निवेदन परेको छैन । किन यस्तो भएको हो, बुझ्न सकिएको छैन । स्वयंसेवी खटिए काम गर्न सजिलो हुने थियो ।'

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पुनर्निर्माणका लागि दुई हजार ६ सय ४६ इन्जिनियर तथा सबओभरसियर खटाएको छ । जनताको आवास पुनर्निर्माणमा सहयोग पुर्‍याउने उद्देश्यले सहरी विकास मन्त्रालयमार्फत उनीहरूलाई खटाइएको हो । प्राधिकरणले दुई चरणमा इन्जिनियर तथा सबओभसियर फिल्डमा खटाएको हो । पहिलो चरणमा एक हजार तीन सय ४६ जना इन्जिनियर र सबइन्जिनियर खटाएको थियो । त्यसपछि एक हजार तीन सय इन्जिनियर तथा सबओभरसियर खटाइएको छ । प्राधिकरणका अनुसार खटिएका इन्जिनियर तथा सबओभरसियरले पुनर्निर्माणमा आवश्यक सिकर्मी, डकर्मी तथा अन्य कालिगढलाई सामूहिक तालिम दिनेछन् । तालिमप्राप्त तिनै सिकर्मी, डकर्मी तथा कालिगढले भूकम्पबाट ध्वस्त संरचनाको पुनर्निर्माण गर्नेछन् ।

घरपरिवार छन् । नुवाकोटमा अनुदान सम्झौता गर्न योग्य ४८ हजार आठ सय ४० घरपरिवारमध्ये दुई सय ८०, रसुवामा अनुदान सम्झौता गर्न योग्य ११ हजार घरपरिवारमध्ये दुई सय आठ, सिन्धुपाल्चोकमा अनुदान सम्झौता गर्न योग्य ४१ हजार ६ सय २० घरपरिवारमध्ये एक हजार नौ सय २७, काभ्रेमा अनुदान सम्झौता गर्न योग्य ४७ हजार दुई सय ५२ घरपरिवारमध्ये नौ सय, दोलखामा अनुदान सम्झौता गर्न योग्य ५१ हजार घरपरिवारमध्ये पाँच हजार एक सय ६१ र सिन्धुलीमा अनुदान सम्झौता गर्न योग्य ३५ हजार सात सय तीन घरपरिवारमध्ये एक हजार एक सय घरधनीसँग अनुदान सम्झौता गरिएको प्राधिकरणका प्रवक्ता रामप्रसाद थपलियाले जानकारी दिए ।

मकवानपुरमा अनुदान सम्झौता गर्न योग्य ९४ हजार एक सय ४६ घरपरिवारमध्ये कसैसँग पनि सम्झौता गरिएको छैन । प्रवक्ता थपलियाले सम्झौता भएका अनुदान पाउने घरधनीलाई बैंकसँग कारोबारको सम्झौता हुनेबित्तिकै पहिलो किस्ताको ५० हजार रूपैयाँ दिइने बताए । 'यो रकम हाल दोलखा र गोरखा जिल्लाका एक हजारभन्दा बढी घरधनीलाई प्रदान गरिसकिएको छ,' उनले भने ।

# घरेलु उद्योगमा २७ हजारलाई रोजगारी

काठमाडौं । घरेलु तथा साना उद्योगमा २७ हजारभन्दा बढीले रोजगारी पाएका छन् । स्थानीयस्तरमा उत्पादित वस्तुलाई उद्योगमार्फत विभिन्न ठाउँमा पुर्‍याउँदै आएको घरेलु तथा साना उद्योग विकास समितिले समितिअन्तर्गत २७ हजार ५ सय ६० जनाले रोजगारी पाएका हुन् ।

तीमध्ये महिला १६ हजार २ सय ६९ र पुरूष ११ हजार २ सय ९१ छन् । समितिका प्रवक्ता राजेन्द्र मिश्रले पछिल्लो समय घरेलु उद्योगमा काम गर्नेको संख्या बढेको बताए ।

'घरमै बसेर सानो लगानीमा काम गर्न सकिने भएकाले पछिल्लो समय यो पेसामा पुरूषभन्दा महिला आकर्षण बढेको हो,' उनले भने । समितिको दोस्रो चौमासिक साउनदेखि फागुनसम्मको प्रगति विवरणअनुसार घरेलु उद्योग ३ सय २० र साना उद्योग ४ हजार ६ सय ५८ छन् । यस्तै, घरेलु उद्योगको निजी फर्म २ सय ८४, साझेदारी फर्म २६ र निजी उद्योग १० वटा दर्ता छन् । त्यस्तै, साना उद्योगतर्फ निजी फर्म ४ हजार ४ सय ४५, साझेदारी फर्म १ सय ५९ र निजी उद्योग ५४ दर्ता भएका छन् ।

यसैगरी, उत्पादनमूलक उद्योग ६ सय २२, ऊर्जामूलक उद्योग ४१, कृषि तथा वनजन्य २ हजार ६५, पर्यटन ७ सय ९७, खनिज ४८, सेवामूलक १ हजार ४ सय २ र निर्माण ४१ गरी ५ हजार १६ उद्योग दर्ता रहेको प्रवक्ता मिश्रले जानकारी दिए ।

घरेलु तथा साना उद्योग विकास समितिअन्तर्गत हाल ४८ जिल्लामा उद्योग सञ्चालनमा रहेका छन् । उद्योगको स्थिर र चालू पुँजी गरी ४ अर्ब ७४ करोड ४७ लाख ९९ हजार छ ।त्यसमध्ये स्थिर पुँजी २ करोड ३८ लाख ५७ हजार र चालू पुँजी २ अर्ब ७३ करोड ८६ लाख ५९ हजार रूपैयाँ छ ।

घरेलु र साना उद्योगबाट यो आवको दोस्रो चौमासिकसम्म २ करोड ३५ लाख ४२ हजार २२ राजस्व संकलन भएको समितिका उपकार्यकारी निर्देशक विनोद कार्कीले जानकारी दिए ।

समितिले सीपमूलक तालिमसमेत प्रदान गर्दै आएको छ । तालिमका माध्यमबाट उद्योग सञ्चालन गर्ने उद्यमी संख्या वार्षिक रूपमा बढ्दै गएको उनले बताए ।

समितिका पूर्वनिमित्त कार्यकारी निर्देशक निलम ताम्राकारले घरेलु तथा साना उद्योगको विकास र विस्तारका लागि संस्थागत रूपमा सीप विकास, उद्यमी विकास कार्यक्रम र उद्योग प्रवर्द्धनात्मक सेवा उपलब्ध गराइँदै आएको बताइन् । उनले भनिन्, 'बेरोजगार युवाका लागि साना तथा घरेलु उद्योग समिति रोजगारीको माध्यम बनेको छ ।'

समितिले यो वर्ष भूकम्पबाट क्षति भएका संरचना पुनर्निर्माणका लागि १ हजार ९ सय ३३ जनालाई डकर्मी, सिकर्मी, प्लम्बिङ, हाउस वायरिङ, कपाल काट्नेलगायत तालिम प्रदान गर्दै आएको छ ।

यस्तै, पुनर्निर्माणका लागि चाहिने आवश्यक औजारलाई सहुलियत दरमा प्रदान गरेको छ । समितिका सूचना अधिकारी देवप्रकाश गुरागाईंले साना तथा घरेलु उद्योगबाट वार्षिक रूपमा ७ अर्ब ३९ करोडबराबरको उत्पादन हुँदै आएको बताए ।

'कम लगानीमा उद्योग सञ्चालन गर्न सकिने भएकाले आर्थिक वृद्धि भएको हो,' उनले भने । लघु, घरेलु तथा साना उद्योग विशेष गरी स्थानीय स्रोत साधनमा आधारित, स्थानीय बजारमा बिक्री व्यवस्थापन गरिने र स्थानीय समुदायबाट सञ्चालित हुने भएकाले नाकाबन्दीले खासै असर नपुर्‍याएको गुरागाईंको भनाइ छ ।

## vhsb

# बंगाली क्लबमा बालगोपाल

काठमाडौं । नेपाली राष्ट्रिय फुटबल टोलीका पूर्व खेलाडी तथा प्रशिक्षक बालगोपाल महर्जनले बंगलादेशको ए डिभिजन क्लवलाई प्रशिक्षण दिने भएका छन् । उनी नयाँ सिजनका लागि बंगलादेशको ए डिभिजन क्लव 'ब्रदर्स युनियन'को प्रशिक्षक नियुक्त भएका हुन् ।

ब्रदर्स युनियन बंगलादेशको प्रिमियर लिग टोली हो । सन् २०१३ र १४ को सिजनमा क्लवले पाँचौं स्थानमा रहेर लिग टुंग्याएको थियो । बिदेशी ए डिभिजन क्लवमा प्रशिक्षणको अवसर पाउने महर्जन पहिलो नेपाली प्रशिक्षक हुन् । उनले ब्रदर्स युनियनसँग ३ महिनाको सम्झौता गरेका छन् । क्लवले नै प्रस्ताव गरेपछि उनी बंगलादेश जान तयार भएका हुन् । उनी विदेशी ए डिभिजन क्लवलाई प्रशिक्षण दिने पहिलो नेपाली पनि हुनेछन् ।



लामो समय एन्फा एकेडेमीको प्रशिक्षण गरेका बालगोपालले गत बर्ष नेपाली टोलीको प्रशिक्षकका २रूपमा दुई उपाधि दिलाएका थिए । गत भदौमा नेपालले यू–१९ साफ च्याम्पियनसीपको उपाधि जित्दा उनी टोलीका मूख्य प्रशिक्षक थिए । उपाधि बिजेता सोही टोलीका धेरैजसो खेलाडी समावेश गरिएको नेपाली टोलीले बंगबन्धु गोल्डकपको उपाधि जित्दा पिन महर्जन प्रशिक्षक थिए ।

बंगलादेशको ब्रदर्स युनियन महर्जनको पूर्व क्लव पनि हो । खेलाडीका रूपमा उनले त्यस क्लवमा तीन सिजन बिताएका थिए । सन् २००१, ०२ र ०३ मा उनले ब्रदर्स युनियनबाट व्यवसायिक फुटबल खेलेका हुन् ।

सन् १९७५ मा बंगलादेशको ए डिभिजन क्लवमा बढुवा भएको ब्रदर्स युनियन सन् २००४ को सिजनमा बंगलादेशको ए डिभिजन च्याम्पियन बनेको थियो । त्यस्तै २००३र४ र ०५ को सिजनमा दुई पटक बंगलादेश प्रिमियर लिगको उपाधि जितेको थियो भने २००५ मा बंगलादेश फेडेरेसन कप पनि जितेको थियो ।

त्यसयता यस क्लवले ठूलो उपाधि जित्न सकेको छैन । क्लबले सुरूमा तीन महिनाका लागि अनुवन्ध गरेको छ र जुनमा हुने फेडरेशन कपमा हुने प्रदर्शन अनुसार थप निर्णय लिने बताएको छ । बंगलादेशमा बालगोपालको खाने, बस्ने र नेपाल आउजाउको खर्च क्लबले नै व्यहार्नेछ भने मासिक १५ सय डलर तलब दिनेछ ।

# राजु वर्षकै उत्कृष्ट फुटबलर

नेपाली राष्ट्रिय फुटबल टोलीका मिडफिल्डर राजु तामाङ वर्षकै उत्कृष्ट फुटबलर घोषित भएका छन् । अखिल नेपाल फुटबल संघ ( एन्फा) ले बिहीबार एक समारोहबीच मिडफिल्डर तामाङलाई २०७२ कै उत्कृष्ट फुटबलरका रूपमा सम्मानित गरेको हो । एन्फाद्वारा उत्कृष्ट खेलाडी घोषित भएका तामाङले २५ लाख पाएका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले तामाङलाई चेक हस्तान्तरण गरेका छन् ।



तामाङ वर्षका उत्कृष्ट खेलाडी चुनिंदा पुरस्कारको स्वरूप पनि परिवर्तन भएको छ । एन्फाले पहिलोपटक वर्ष खेलाडी घोषणा गर्दा खेलाडीलाई कार दिइएको थियो । राष्ट्रिय टोलीका पूर्वकप्तान तथा गोलरक्षक उपेन्द्रमान सिंह पहिलो वर्ष खेलाडी बनेका थिए । उनले टोयटाको यासिर कार पाए । त्यसपछि नेपाली राष्ट्रिय टोलीकै पूर्वकप्तान हरि खड्का वर्ष खेलाडी हुँदा यासिर कार नै पाए । अर्का पूर्वकप्तान राकेश श्रेष्ठ तेस्रो वर्ष खेलाडी हुँदा कार पाएनन् । उनले अर्पाटमेन्ट पाए । त्यसपछि रितेश थापा र सागर थापा वर्ष खेलाडी हुँदै अपार्टमेन्ट नै पाए । राकेश, रितेश र सागरले अहिलेसम्म अपार्टमेन्ट पाएका छैनन् । उनीहरूसँग केवल डमी मात्र छन् ।

सन् २००५ मा राष्ट्रिय टोलीबाट डेब्यु गरेका तामाङले अहिलेसम्म दुई अन्तर्राष्ट्रिय गोल मात्र गरेका छन् । डेब्यु गरेको तीन वर्षपछि मात्र उनले पहिलो अन्तर्राष्ट्रिय गोल पाकिस्तानविरूद्ध गरेका थिए । सन् २००८ मा साफ च्याम्पियनसिपअन्तर्गत पाकिस्तानविरूद्ध उनले गोल गरेका थिए । त्यसपछि दोस्रो अन्तर्राष्ट्रिय गोल सात वर्षपछि सम्भव भयो । सन् २०१५ मा एसिया कप छनोटमा उनले नर्थन मारियाना आइसल्यान्डविरूद्ध गोल गरेका थिए । अहिलेसम्म उनले राष्ट्रिय टोलीबाट ३५ क्याप जितेका छन् । नेपाली सेनामा आबद्ध भएका कारण नै उनले राष्ट्रिय टोलीमा त्यति समय दिन सकेनन् । जसका कारण उनी अन्तिमपटक सन् २०१४ मा फिलिपिन्सविरूद्ध राष्ट्रिय टोलीमा देखा परे । त्यसयता तामाङ राष्ट्रिय टोलीमा छैनन् ।

## /Elg va/




## लालजोडीका गीत सार्वजनिक

रिलिजअघि नै राम्रो चर्चा कमाएको फिल्म 'लालजोडी'का गीत सार्वजनिक गरिएको छ । हाइलाइट्स नेपालले युट्युबमार्फत मंगलबार फिल्मका गीत सार्वजनिक गरेको हो । यसमा चार गीत छन् ।

१७ भदौदेखि प्रदर्शन हुने फिल्मको 'आज त क्या ब्युटी' गीतमा राजेशपायल राई र मनीषा पोखरेलको स्वर छ । त्यस्तै, फिल्मको गीत 'मा कसम' अभिनेत्री रेखा थापा र प्रह्लाद तिमिल्सिनाले गाएका छन् । 'घिटी घिटी बाँचेको छु' युवराज चौलागाईंले गाएका हुन् भने 'कोही छ मसंग भिड्ने' बोलको गीत ज्योति काफ्लेको स्वरमा छ । सन्तोष श्रेष्ठ, टंक बुढाथोकी, थानेश्वर गौतम र विक्रम राईको संगीत रहेको फिल्मका तीन गीत लक्ष्मण सुवेदी र एउटा गीत दिनेश सुवेदीले लेखेका हुन् ।

दिलासा क्रिएसनको ब्यानरमा लक्ष्मण सुवेदीको लेखन, निर्माण र निर्देशनमा बनेको फिल्ममा हास्य अभिनेता ज्योति काफ्ले (नक्कली डा. बाबुराम), रजनी केसी, आयुष्मा कार्की, बुद्धि तामाङ (हैट), पुरन थापा, किशोर भण्डारी (डिठ्ठा साब) गोविन्द कोइराला ( जयन्ते), मधुसूदन पाठक (सितेबा), सिपी पौडल, ज्याक श्रेष्ठ, रेश्मा तिमिल्सिना, यादव पुडासैनी, राजकुमार शाह, सुशील पंगेनी, सुजन घिमिरे (ल्यांग्री दादा)लगायतले अभिनय गरेका छन् । रामेश्वर कार्कीले खिचेको फिल्ममा रामजी लामिछानेको कोरियोग्राफी र अष्ट महर्जनको द्वन्द्व निर्देशन छ । फिल्मको वितरण सुनील मानन्धरले गर्दै छन् ।

## आजदेखि छेस्को

लागुऔषध दुर्व्यसनले निम्त्याउने समस्याको विषयमा निर्माण गरिएको फिल्म 'छेस्को' आज शुक्रबारदेखि प्रदर्शन हुने भएको छ ।

राजन कार्की, अर्चना पनेरु, करण श्रेष्ठलगायतले अभिनय गरेको छेस्कोका निर्देशक सुरेश थापा हुन् । दुर्गा विष्टको प्रस्तुतिमा सुरज प्रधान निर्माता रहेको




फिल्मका वितरक श्रीराम बालाजी फिल्म्स, एफडी र करण श्रेष्ठ हुन् । सेन्सर बोर्डले एडल्ट सर्टिफिकेट दिएको फिल्मले गर्ने कुल आम्दानीको १५ प्रतिशत रकम अनाथ बालबालिकाको उत्थानका लागि प्रदान गरिने निर्माण पक्षले जनाएको छ । फिल्मबारे जानकारी दिन सोमबार राजधानीमा आयोजित प्रेसमिटमा चलचित्र विकास बोर्डका अध्यक्ष राजकुमार राईलगायतले छेस्कोको सफलताको कामना व्यक्त गरेका थिए ।

## भक्तराजलाई सम्मान

भजनशिरोमणि भक्तराज आचार्यलाई गायक प्रेम सेनले सम्मान गरेका छन् । गायक सेनले सोमबार राजधानीमा आयोजित आफ्नो आधुनिक गीतिएल्बम 'प्रेमकथा'को विमोचन समारोहमा आचार्यलाई नगद २५ हजार रूपैयाँसहित ताम्रपत्रका साथ सम्मान गरेका हुन् । गायक सेनले आचार्य युवापुस्ताका संगीतकर्मीको प्रेरणाको स्रोत भएको बताउँदै सम्मान गरेका थिए ।

प्रेमकथामा आधुनिक शैलीका सात गीत छन् । नरेश भट्टराई, कमल खत्री, सूर्य दोङ, टीका बोमजनले रचेका गीतहरूमा विभिन्न संगीतकारको संगीत छ ।



कार्यक्रममा गायक सत्यराज र स्वरूपराज आचार्यले सेनको गायनकलाको प्रशंसा गरेका थिए । सम्मानीत भजनशिरोमणि आचार्यले कार्यक्रम सञ्चालक नरेश भट्टराईमार्फत प्रेमको गायकीको तारिफ गर्दै शब्द उच्चारणमा विशेष ध्यान पुर्‍याउन सल्लाह दिएका थिए । एल्बममा समावेश दुईवटा गीतको म्युजिक भिडियो प्रदर्शन गरिएको थियो ।

## आभासको आभार

गायक आभास श्रेष्ठले एल्बम 'आभार' बजारमा ल्याएका छन् । पाँच गीत राखिएको एल्बममा गायिकाद्वय अञ्जु पन्त र प्राश्ना शाक्यले आभासलाई साथ दिएका छन् । यो उनको दोस्रो एल्बम हो ।

एल्बममा आधुनिक सुगम गीत छन् । एल्बमका




गीतका लागि शंकर थापा 'स्माइल'ले संगीत दिएका छन् । एल्बमका चार गीत डिपी खनालले लेखेका हुन् । एउटा गीत राजकुमार समालले लेखेका हुन् । यो गीतमा उनी आफैंले संगीत दिएका छन् । यो आभासको दोस्रो एल्बम हो । यसअघि उनको 'आभास' एल्बम निस्किएको थियो ।

## संग्रौलाको उत्तरआधुनिक अन्तरेपथ सर्वाजनिक

लेखक खगेन्द्र संग्रौलाको निबन्धसंग्रह 'उत्तरआधुनिक अन्तरेपथ' राजधानीमा शनिबार विमोचन गरिएको छ । भृकुटीमण्डपमा जारी पुस्तक प्रदर्शनीमा संग्रौलाको निबन्धसंग्रह सार्वजनिक गरिएको हो ।

कार्यक्रममा लेखिका मञ्जुश्री थापा, प्रत्युष वन्त र अनुभव अजितले पुस्तक र संग्रौलाबारे आ-आफ्ना




धारणा राखे । कार्यक्रममा मञ्जुश्री थापाले भनिन्, 'खगेन्द्र दाइको लेखनबाट नयाँ कुरा सिकिन्छ, यसको आफ्नै दर्शन छ ।' थापाले पुस्तकको दार्शनिक पक्षबारे बोलिन् । पुस्तकमा समेटिएका संग्रौलाका लेख स्वतन्त्र भएको उनले बताइन् । त्यस्तै, वन्तले संग्रौलाको लेखनबारे बोले, 'उहाँले इमानदारीसाथ लेख्नुहुन्छ । जुनकीरीको संगीत त्यसको उदाहरण हो ।'

संग्रौलाको पुस्तक बिएन पुस्तक संसारले प्रकाशन गरेको हो । पुस्तकलाई खुद्रा मसिना, व्यक्ति बिम्ब र भूकम्प गरी तीन खण्डमा विभक्त गरिएको छ । पुस्तकमा ३३ निबन्ध छन् ।

## skt/6

## बिओकेको २७ प्रतिशत लाभांश

बैंक अफ काठमाण्डू लिमिटेड (बिओके)ले सेयरधनीलाई २७ प्रतिशत लाभांश दिने भएको छ । सोमबार भएको २१औँ वार्षिक साधारणसभाले सेयरधनीलाई २६ प्रतिशत बोनस सेयर र सोको कर प्रयोजनलाई १.३६८ प्रतिशत नगद लाभांश दिने बैंकले जनाएको छ ।

बैंकले आर्थिक वर्ष ०७१/७२ मा १३ करोड १६ लाख रूपैयाँ सञ्चालन मुनाफा र ३३ करोड ४६ लाख रूपैयाँ खुद मुनाफा गरेको जनाएको छ ।

बैंकका अध्यक्ष सत्यनारायण मानन्धरले गत वर्षको तुलनामा आर्थिक वर्ष ०७१/७२ मा बैंकको कुल कर्जा करिब १५.६६ प्रतिशतले वृद्धि भई ३३ अर्ब ३९ करोड पुगेको बताए । यस्तै, निक्षेप १५.६५ प्रतिशतले वृद्धि भई ३९ अर्ब ४६ करोड रूपैयाँ पुगेको छ ।

साधारणसभाले बैंक अफ काठमाण्डू लि. र लुम्बिनी बैंक लि. एक-आपसमा गाभिएर बैंकको नाम 'बैंक अफ काठमाण्डू लुम्बिनी लिमिटेड' राखिने विशेष प्रस्ताव पनि पारित गरेको बैंकले जनाएको छ ।

## लमहीमा एभरेष्टको शाखा

एभरेष्ट बैंकले अर्धसहरी तथा दुर्गम स्थानमा आफ्नो शाखा विस्तार गर्दै गएको छ । यसै क्रमलाई निरन्तरता दिँदै बैंकले दाङको लमहीमा आफ्नो शाखाको औपचारिक उद्घाटन गरेको छ ।

शाखाको उद्घाटन संयुक्त रूपमा दाङका प्रमुख जिल्ला अधिकारी दीपक काफ्ले र बैंकका प्रमुख कार्यकारी अधिकृत एके अहलुवालियाले गरे । कार्यक्रममा नेपाल राष्ट्र बैंकका निर्देशक भीष्मप्रसाद उप्रेती तथा जिल्लास्थित सुरक्षा निकायका उच्चपदस्थ व्यक्ति, व्यवसायी र बैंकका वरिष्ठ पदाधिकारीको उपस्थिति रहेको बैंकले जनाएको छ ।

एभरेष्ट बैंकले हाल आफ्ना ६१ वटा शाखा, ५ एक्सटेन्सन काउन्टर, २४ राजस्व संकलन काउन्टर र ८५ एटिएम तथा बृहत, बाह्य सञ्जालमार्फत सेवा प्रदान गर्दै आइरहेको जनाएको छ । बैंकले एसियन पेन्ट्स 'न्युबिज बेस्ट म्यानेज्ड कमर्सियल बैंक अवार्ड २०१३' का साथै आव ०६८/६९मा वाणिज्य बैंक मध्येमा 'सर्वाधिक करदाता'को सम्मान प्राप्त गरेको थियो ।

## ठिमीमा नेपाल बैंकको एटिएम

नेपाल बैंकले भक्तपुरको ठिमी शाखामा एटिएम सञ्चालनमा ल्याएको छ । ग्राहकलाई आधुनिक एवं स्तरीय सेवा प्रदान गर्ने क्रममा एटिएम थप गरिएको बैंकले जनाएको छ । ठिमीसहित बैंकका एटिएम संख्या ३९ पुगेका छन् । निकट भविष्यमा बैंकले थप १५ स्थानमा एटिएम सेवा सञ्चालनमा ल्याउने तयारी गरिरहेको जानकारी दिएको छ ।

एटिएम सेवा उद्घाटन बैंक सञ्चालक समितिका सदस्य सुरेन्द्रबहादुर सिंह तथा प्रमुख कार्यकारी अधिकृत देवेन्द्रप्रताप शाहले संयुक्त रूपमा गरे । निकट भविष्यमा बैंकले थप १५ स्थानमा एटिएम सेवा सञ्चालनमा ल्याउने तयारी गरिरहेको बैंकले जानकारी दिएको छ ।

नेपाल बैंकको एटिएम कार्ड प्रयोग गर्ने ग्राहकले भारतमा पन्जाब नेसनल बैंकको एटिएमबाट समेत सेवा सुविधा लिन सक्ने कम्पनीले जनाएको छ ।

## सन्राइजद्वारा दृष्टिविहीनलाई सहयोग

सन्राइज बैंकले 'अपांग सहयोग सामग्री वितरण' कार्यक्रम मार्फत १० भूकम्पप्रभावित दृष्टिविहीनलाई सहयोगस्वरूप सेतो छडी प्रदान गरेको छ । बैंकले सिआरएसअन्तर्गत काठमाडौंको थलीमा युवा अपांग संगठन नेपाल संस्थाद्वारा आयोजित कार्यक्रममा भूकम्पप्रभावितलाई सेतो छडी वितरण गरेको हो ।

## क्लियरिङ हाउस-भार्गव बैंक सम्झौता

सम्झौतापछि क्लियरिङ हाउसले बैंकलाई अन्तरबैंक विद्युतीय भुक्तानी सेवा सञ्चालन प्रणाली उपलब्ध गराउनेछ । भार्गव विकास बैंक र नेपाल क्लियरिङ हाउसबीच अन्तरबैंक विद्युतीय भुक्तानी प्रणाली सेवासम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ ।

सम्झौतापत्रमा क्लियरिङ हाउसका प्रमुख कार्यकारी अधिकृत नीलेशमान सिंह प्रधान र भार्गव विकास बैंकका प्रमुख कार्यकारी अधिकृत पुष्करराज जोशीले हस्ताक्षर गरेका थिए । सम्झौतापछि क्लियरिङ हाउसले बैंकलाई अन्तरबैंक विद्युतीय भुक्तानी सेवा सञ्चालन प्रणाली उपलब्ध गराउनेछ ।

## गुराँस लाइफ इन्स्योरेन्सको रक्तदान कार्यक्रम

स्थापनाको आठौं वर्ष पूरा गरी नवौं वर्ष प्रवेश अवसर पारेर गुराँस लाइफ इन्स्योरेन्स कम्पनीले रक्तदान कार्यक्रम आयोजना गरेको छ । कम्पनीले केन्द्रीय कार्यालय तिनकुने, तथा क्षेत्रीय कार्यालय बिर्तामोडअन्तर्गत इटहरीमा सामाजिक उत्तरदायित्वअन्तर्गत रक्तदान कार्यक्रम सञ्चालन गरेको जनाएको छ । केन्द्रीय कार्यालयमा सय जनाभन्दा बढीले रक्तदानमा भाग लिएका थिए । त्यस्तै, इटहरीमा ६६ जनाले रक्तदान गरेको कम्पनीले जनाएको छ । नेपाल रेडक्रस सोसाइटीको सहयोगमा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो ।

## ग्यास पाइप...

बजेटमा एक शब्दसम्म उच्चारण भएको छैन । बजेट सुन्दा मीठा नारासहित आएको देखिए पनि कतिपय नाराहरू नारामै सीमित रहने पक्कापक्की जस्तै देखिएको छ । सरकारले बजेटमा समावेश गरेका नाराहरू हुन्, मेरो धरहरा मै बनाउँछु, घरघरमा बिजुली, जनजनमा शेयर, कवुलियत वन गरिबको धन, एक शहर एक पहिचान, एक प्रदेश एक उद्यान, स्वर्ण सगरमाथा वृहत चक्रपथ, आफ्नो गाउँ आफैं बनाउँ, सबै नेपालीको बैंक खाता, स्वच्छ प्रशासन स्वच्छ व्यवसाय, आफ्नो घर आफैं सजाऔं, एक गाउँ एक डाक्टर, आफ्नो नगर आफैं सजाऔं र शिक्षाका लागि उज्यालो कार्यक्रमसहितका मीठा नाराहरू समेटिएका छन् । यी नाराहरू नारामै सीमित रहन सक्ने सम्भावना धेरै रहेको छ । बजेटमा दिनहुँ विदेश हिंड्न बाध्य भएका युवाहरूलाई स्वदेशमै राख्ने कुनै कार्यक्रम ल्याईएको छैन । पुनर्निर्माणका लागि र अन्य निर्माणका लागि आवश्यक जनशक्ति अभाव भएको बेला युवाहरूलाई विदेश जानबाट रोक्ने कुनै कार्यक्रम नै नल्याइएको हुनाले बजेटमा व्यवस्था गरिएका धेरै कुराहरू हावामै उडेर जाने निश्चित जस्तै देखिन्छ ।

बजेट वितरणमुखी हुनका साथै एक हातले दिने र अर्को हातले लिने खालको आकर्षक नारा सहितको देखिएको छ । आफैंले घोषणा गरेका नाराहरूलाई कसरी कार्यान्वयन गर्ने भनेमा बजेट मौन रहेको छ । बजेटमा आकर्षक नाराहरू आउँदैमा बजेट प्रभावकारी हुन सक्दैन, त्यसको प्रमुख कार्य भनेको कार्यान्वयनको पक्ष हो । कार्यान्वयन पक्ष बलियो र अनुशासित भएन भने जस्तो सुकै आकर्षक र पपुलर बजेट घोषणा गरेपनि त्यसको कुनै अर्थ रहँदैन । स्वयं प्रधानमन्त्रीले घोषणा गरेका विषयहरू समेत बजेटमा समेटिन सक्दैनन् भने त्यस्तो बजेट सहजरूपमा कार्यान्वयन हुन्छ भनेर विश्वास गरिहाल्ने आधारहरू देखिएका छैनन् । उपत्यकाका प्रत्येक घरमा ग्यासको पाइप पुर्‍याइदिने प्रधानमन्त्रीको उद्घोष, उद्घोषमै सीमित रहेको हुनाले केपी ओली नेतृत्वको सरकारले ल्याएको बजेट उसले कार्यान्वयन गर्नु नपर्ने र अर्को सरकारलाई अप्ठ्यारोमा पार्नका लागि र आफ्नो नेतृत्वको सरकारले राम्रो बजेट ल्याएको जनतामा भ्रम छर्नका लागि हुनै नसक्ने नरासहितका पपुलर बजेट ल्याएको आम मानिसको बुझाई रहेको छ ।

## ओलीको...

पानी भइसकेको अर्थ निकालिएको छ र प्रचण्ड निवासतिर सत्ताको करिडरमा रमाउनेहरूको भीड लाग्न थालिसकेको देखिदैछ ।

त्यसै पनि बजेट व्यापारी र माफियामा चुहाएर कुस्त कमाएको एमाले र एमालेका अर्थमन्त्री विष्णु पौडेलको संसदमा ठूलै आलोचना भयो र त्यसलाई मिनिमाइज गर्न प्रधानमन्तीले छानबिन समिति बनाएर टालटुल त पारे तर यसपटक भारतीय दूतहरूसमेत राजधानी आएर नेपाल भारत सम्बन्ध बिगार्ने केपी ओलीलाई मिल्काइछाड्ने मोर्चा कसेकाले ओलीको सकभर सत्ता नछाड्ने रणनीति असफल भइसकेको छ ।

अव केपी ओलीसँग जसले जे भने पनि निर्वाचनको घोषणा गराएर अन्तरिम प्रधानमन्त्री बन्ने बाहेक सत्तामा टिक्ने अर्को विकल्प छैन । ओलीले एमाले कानुनविदहरूसँग यसबारेमा गोप्य छलफल गरेर देउवालाई जस्तै प्रचण्डलाई पनि हावादारी सावित गराएर एमालेकै नेतृत्वमा निर्वाचन गराउन सकिन्छ कि भनेर अन्तिम प्रयासमा जुटिसकेका छन् । भनिन्छ, बजेटलाई एमालेको चुनावी घोषणापत्रजस्तो रूपमा ल्याउनुको कारण पनि ओलीको चतुरता नै हो ।

तर नेपालीमा उखान छ- लाटो खान्छ एक बल्ड्याङ, बाठो खान्छ, तीन बल्ड्याङ । आफ्नै पार्टीभित्र चर्को आलोचना खेपिरहेका र पार्टीलाई गुटबाजी र राज्यलाई माफियाकरणका रूपमा चलाइरहेका केपी ओलीको सबै तीरहरू खेर जाने निश्चित छ । यदि भद्र सहमतिबाट अभद्र व्यवहार गरेको खण्डमा प्रचण्डले ओलीलाई फ्याँक्न देउवालाई सिंहदरवारमा उभ्याउन बेर छैन । अहिलेको सत्ता समिकरणको साँचो पनि प्रचण्डकै हातमा छ । उनले जसलाई समर्थन गर्‍यो, उसैले सरकार बनाउने बहुमत शिद्ध गर्नसक्छ ।

यथार्थ के पनि हो भने प्रचण्डले सत्तामा जानका लागि ठूलै मूल्य चुकाइसकेका छन् । यसपटक पनि प्रचण्ड सत्तामा पुग्न सकेनन् र ओलीले धोका दिए भने प्रचण्डको राजनीति अन्त्य हुनसक्छ । किनभने ग्रासरूटका कार्यकर्ता पंक्तिको कुनै बल प्रचण्डसँग बाँकी छैन । त्यसैले आफूलाई भ्रष्ट, विदेशी एजेन्ट भनेर छुट्टिएकाहरूलाई समेत विषको प्याला पिएर सहमतिमा ल्याउँदै उनले माओवादी केन्द्र बनाएका हुन् ।

यसपटक ओलीले यसकारण पनि धोका दिदैनन् कि आउने चुनावमा प्रचण्डको सहयोग बिना एमालेको राजनैतिक हैसियत कमजोर हुनसक्छ । राजनीति हो, त्यसमाथि नेपालको राजनीति फोहरी छ, जे पनि हुनसक्छ । यद्यपि राजनीतिक पर्यवेक्षकहरू भन्छन्- ओलीका दिनगन्ती सुरू भइसके ।

## संकटमा...

उद्घोष गरे, केपी ओली नेतृत्वको सरकारको आयु गठबन्धनमा रहेका दलहरूको हातमा रहेको छ भन्दै पुष्पकमल दाहाललाई बहुमतीय होइन, राष्ट्रिय सहमतिको सरकारको प्रधानमन्त्रीका रूपमा स्वीकार गर्ने सहमति भएको बताएका छन् ।

वैशाखन २२ गते अध्यक्ष दाहालले माओवादीले ओली सरकारलाई दिएको समर्थन फिर्ता गरेर कांग्रेसको समर्थनमा आफैं प्रधानमन्त्री बन्ने उद्घोष गरेपछि वैशाख २३ गते फेरि अर्को नौं बुँदे सहमति भएको थियो । तत्कालिन अवस्थामा भएको नौं बुँदे सहमतिमा बजेट पारित भएपछि ओलीले नेतृत्व छाड्ने उल्लेख नगरिएपनि अलिखित सहमति गरेर बजेट पारित पछि दाहाललाई प्रधानमन्त्री बनाउन एमालेले सहयोग गर्ने सहमति भएको एमालेकै वरिष्ठ नेताहरूले उद्घोष गर्न थालेका हुनाले ओली नेतृत्वको सरकारको आयुको गन्ती सुरू भएको छ । एमालेका वरिष्ठ नेता झलना खनालले हालै बिबिसी नेपाली सेवालाई दिएको अन्तर्वार्तामा समेत दुई अध्यक्षबीच सहमति भएको र त्यो सहमतिको साक्षीका रूपमा आफू रहेको बताएपछि एमालेभित्र समेत संकट पैदा भएको छ । नेता नेपाल र खनाल खुलेरै अध्यक्ष ओलीको विरूद्धमा लागेका हुनाले ओली नेतृत्वको सरकार संकटमा पुगेको राजनीतिक विश्लेषकहरूले बताएका छन् ।

## पीडितलाई...

एनजिओ र आईएनजिओहरूले जिविसलाई थाहै नदिई पैसा बाँडिरहेका र उनीहरूले पैसासँगै वाइबलको किताबस समेत बाँड्ने गरेका छन् । पैसा बाँड्न सजिलो हुने र आफ्ना कुरा पनि गाउँलेहरूलाई सजिलै सुनाउन पाइन भएकाले त्यस्ता संस्थाहरूले पैसा बाँडिरहेका हुन् । कतिपय गाविसहरूमा एनजिओ र आईएनजिओहरूले मासिक साँढे सात हजारका दरले पैसा बाँड्ने गरेका छन् ।उनीहरूले पालुङटार नगरपालिका, जैबारी, हंसपुर, ध्याचोक गाविसहरूमा समेत त्यसरी नै पैसा बाँड्न खाजिरहेका छन् । भूकम्प पीडितहरूलाई सहयोग गर्ने बहानामा क्रिश्चियन बनाउने खेलमा कतिपय आइएनजिओहरू सक्रिय भएका छन् । भूकम्प गएको १४ महिना पछि गाउँलेहरू आफ्नो व्यवसाय र घरघरमा फर्किरहेका बेला उनीहरूलाई हिन्दूधर्म त्यागेर क्रिश्चियन धर्म अँगाल्न बाध्य पर्ने उद्देश्यले घरघरमा गएर पैसा बाँड्न थालिएको हुनाले मुलुकलाई हइटी बनाउने खेलमा केही पश्चिमा मुलुकहरूका आइएनजिओहरू सक्रिय भएका हुनाले त्यस्ता आइएनजिओहरूलाई सरकारले तत्कालै कारबाही गर्नुपर्ने आवाज समेत उठ्न थालेको छ । सितैमा पैसा पाएपछि मान्छे अल्छी हुने र कुनै काम नगर्ने भएकाले देश हइटीको बाटोमा जान्छ । त्यहाँका एक सरकारी कर्मचारीले भने हइटीमा त्यस्तै गरिएको थियो, खर्बौं डलर बाँडियो, तर मुलुक जस्ताको त्यस्तै रह्यो । अहिले त्यहाँको अवस्था नाजुक रहेको छ ।

पैसा पाउँदा पीडितहरू आफूहरूप्रति प्रभावित हुने भएकाले आफ्ना विचारहरू लाद्न सजिलो हुने हुनाले हिन्दू धर्मावलम्बीहरूलाई उनीहरूले क्रिश्चियन धर्म स्वीकार गर्न बाध्य पार्ने गरेका र क्रिश्चियन धर्म स्वीकार गरेमा पैसाको खोले नै बगाइदिने उनीहरूले वचन दिएकाले भूकम्प पीडितहरू क्रिश्चियन धर्म स्वीकार गर्न बाध्य पारिएको सुत्रले दाबी गरेको छ । एनजिओ र आइएनजिओहरू विभिन्न बहाना बनाएर पैसा बाँडिरहेका हुनाले अविलम्ब त्यस्तो कार्य रोकिन अवाश्यक देखिन्छ । स्थायनी प्रशासनले त्यस्तो कार्य गर्नेलाई तत्कालै कारबाही गरी धर्म परिवर्तनलाई रोक्नु पर्छ भन्ने आवाज त्यहाँ उठ्न थालेको हाम्रा संवाददाताले जानकारी दिएका छन् ।

## मन्त्रिपरिषद्को...

निर्णय गरी नजिर स्थापित गरेको थियो । उक्त निर्णय विपरित मन्त्रीहरूले गरेका नियुक्तीहरू स्वत: बदर भएका छन् । स्वास्थ्य मन्त्रालयमा मात्र त्यसरी बदर हुनेको संख्या पाँच सयभन्दा बढी रहेको छ ।

हालै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले त्यही नजिरलाई पालना गर्न सबै सरकारी निकायलाई निर्देशन दिएकोमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ परिषद्, नेपाल फार्मेसी परिषद्, नेपाल आयुर्वेदिक चिकित्सा परिषद्, लुम्बिनी विकास कोष, विपी कोइराला ममोरियल क्यान्सर अस्पताललगायतमा मापदण्ड नै नबनाई नियुक्ती गरिएकोमा ति सबै खारेजमा परेका छन् । अख्तियारले कानुन बमोजिम दिएका सुझाव वा निर्देशन कार्यान्वयन नगरेको अवस्थामा सम्बन्धित व्यक्तिमाथि छानविन गरी विशेष अदालतमा भ्रष्टाचारको मुद्दा गर्ने बताएको छ ।

पछिल्लो समयमा कतिपय मन्त्रालयहरूले मापदण्ड बनाउँदैछौं भनेका भएपनि मन्त्रीहरूले धमाधम आ-आफ्ना मान्छेलाई नियुक्ती गरिरहेका छन् । लामो समयसम्म अख्तियार मौन रहेपछि मन्त्रीहरूले आफूहरूलाई मन्त्रिपरिषद् कार्य सञ्चालन ऐनले अधिकार हस्तान्तरण गरेको हुनाले आफूहरूले नियुक्ती गरेको भनेपनि सर्वोच्चले मन्त्रिपरिषद्को अधिकार अरू कसैमा हस्तान्तरण हुन नसक्ने निर्णय गरेको थियो । त्यो निर्णय सर्वोच्चको पूर्ण इजलासबाहेक अन्यले उल्टाउन नसक्ने भएकाले त्यो निर्णय अहिले पनि कायम रहेको अवस्थमा मन्त्रीहरूले भटाभट नियुक्ती गर्नु कानुन विपरितको कार्य हो । गैरकानुनी रूपमा नियुक्ती गरेको भन्दै नेपाल स्वास्थ्य परिषद्का अध्यक्ष एवं नेपाल मेडिकल काउन्सिलका सदस्य डा.कृष्ण अधिकारीविरूद्ध यसअघि नै आयोगले विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दर्ता गरिसेकेको छ । अब निकट भविष्यमै केही मन्त्रीहरू र सचिवहरूमाथि मुद्दा दर्ता हुने अख्तियार सुत्रले बताएको छ ।

## पार्टी कसरी...

गम्भीरता देखाउनु हुनेछ भन्ने हाम्रो मुख्य सरोकारको विषय हो । त्यसमा प्रधानमन्त्री सकारात्मक भएकाले अहिले सरकारको विकल्प खोजनु उपयुक्त नहुने उद्घोष दाहलाले माओवादी केन्द्रको केन्द्रिय समितिको बैठकमा प्रष्ठ पारेका हुन् । उनले सत्य निरूपण तथा मेलामिलाप आयोगबारे अलग्गै विधेयक संसदमा पेश गर्ने तयारीमा सरकार रहेको खुलासा गर्दै समेत गरेका छन् ।

आन्दोलन गरिरहेका मधेसवादी दलहरूसँग सरकारले वार्ता गरेर समस्याको समाधान खोज्ने भन्दै आफ्नो पार्टीले समेत छुट्टै मधेसवादी दलहरूसँग वार्ता गरेर समस्याको समाधान गरिने आश्वासन समेत बैठकमा दिएका थिए । बैठकले सांगठनिक व्यवस्था गर्ने समेत रणनीति अनुमोदन गरिसकेको छ । बुहपदीय नेतृत्वको निर्णय भए पनि पदाधिकारीमा रहने धेरै व्यक्तिहरूको आकांक्षा भएकाले केन्द्रले कुनै निर्णय गर्न नसकेपछि कार्य सम्पादन गर्न अध्यक्ष दाहालको नेतृत्वमा ९ सदस्यीय हेडक्वाटर घोषणा गरिएको छ । त्यसमा नारायणकाजी श्रेष्ठ, रामबहादुर थापा, कृष्णबहादुर महारा, देव गुरूङ, जयपुरी घर्ती, मातृका यादव, तिलक परियार र मणि थापा रहेका छन् । जेठ ६ गते तत्कालिन एमाओवादीले केही साना पार्टीहरूलाई आफ्नो पार्टीमा सामेल गरेको थियो । अहिले माओवादी केन्द्रको घोषणा गर्दा पार्टीमा आएका अन्य साना पार्टीका केही नेताहरूलाई हेडक्वाटरमा राखिएपछि एमाओवादीमा रहेका केही नेताहरू असन्तुष्ट रहेको माओवादी सूत्रले दाबी गरेको छ । आफ्नै पार्टीका नेताहरू असन्तुष्ट भएपछि अध्यक्ष दाहालले ति सबैलाई मिलाएर लैजान फलामको च्यूरा चपाउनु सरह भएको सूत्रले दाबी गरेको छ ।

## मन्त्री रावल र पटेलबीच....





सेनालगायतका निकायहरू र गोलीगट्ठाहरूका बारेमा निर्णय गर्न सक्ने हैसियत राख्ने भएपनि अपूर्ति मन्त्रालय अन्तर्गत पर्ने साल्ट्रेडिङ कर्पोरेशनलाई ध्वस्त पार्ने षड्यन्त्रमा रक्षामन्त्री सामेल भएका हुन कि भन्ने आशंका समेत जन्मिएको छ । साल्टट्रेडिङ कर्पोरेशनले भूकम्पका बेलामा र भारतले लागएको नाकाबन्दीका बेलामा समेत नुनको कमी हुन दिएको थिएन । सहजरूपमा नुन उपलब्ध गराउँदै आएको कर्पोरेशनलाई महँगोमा नुन बेचेको आरोप भारतीय पूर्वसांसद एवं गुजरात कांग्रेसका उपाध्यक्ष सोमभाइ जी पटेलले लगाउनु कुट्नीतिक मर्यदाविपरितको कार्य समेत भएको हुनाले सम्बन्धित निकाय नेपाल सरकारले कुटनीतिक माध्यमद्वारा पटेलमाथि कारबाहीको माग गर्नुपर्छ । निज पटेलले पटक पटक त्यस्तो हर्कत गर्दै आएका र केही भारतीय दलालहरू विचौलियामार्फत रक्षामन्त्री रावललाई सम्पर्क गरी कर्पोरेशनलाई ध्वस्त पार्ने षड्यन्त्रमा लागेका हुनाले यस विषयमा आपूर्ति मन्त्रालयको नेतृत्व सजग रहनुपर्ने आवश्यकता देखिएको छ ।

सोमभाइ जी पटेलले २०१६/४/३० मा रक्षामन्त्री रावललाई लखेको पत्रमा आफ्ना प्रतिनिधिलाई नुनको सप्लाई गर्ने व्यवस्था मिलाई दिन नेपाल भ्रमणको अवसर दिन समेत आग्रह गरेका छन् । हाल कर्पोरेशनको दक्ष र योग्य व्यवस्थापनले गर्दा नुनको अभाव नभएको र जस्तोसुकै विपतमा पनि कर्पोरेशनले आफ्नो सामाजिक दायित्व निभाइरहेका बेला मन्त्री त्यसमा पनि रक्षामन्त्री मार्फत कर्पोरेशनलाई ध्वस्त पार्ने उद्देश्यले पत्र लेख्नुले रक्षामन्त्री रावल र पटेलबीच के सम्बन्ध रहेको छ भन्ने प्रश्न जन्मिएको छ । स्मरणरहोस् रावल पर्यटन तथा संस्कृति मन्त्री भएका बेला नेपाल एयरलाइन्सको प्लेन काण्डमा समेत मुछिएका व्यक्ति अहिले उनी रक्षामन्त्री भएकाबेला कर्पोरेशनलाई ध्वस्त पार्ने कर्यमा सरिक भएका हुन् कि होइनन् भनेर स्वयम् प्रधानमन्त्रीले चासो व्यक्तगरी सरिक भएको भए कारबाही गर्नुपर्ने आवाजसमेत उठेको छ । यससम्बन्धमा प्रधानमन्त्रीले संसदमा समेत जानकारी गराउनु पर्ने आवश्यकता देखिएको छ । पटेलले मन्त्री रावललाई लेखेको पत्र यस प्रकार रहेको छ ।


**हाम्रो चाहना : दुर्व्यसन रहित स्वस्थ र सुखी जीवनको कामना । स्वस्थ र सुखी परिवारका लागि दुर्व्यसनलाई नाई भनौं ।**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार